नागरिकका कर्तव्य
- राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु,
- हामी सबैले उल्लिखित नागरिक कर्तव्यको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० जेठ १२ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 26 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६५

# बकैया खोलाबाट तीनवटा एक्साभेटर नियन्त्रण

## जिल्ला अनुगमन समितिद्वारा खोलाको प्रभावकारी अनुगमन भएन

प्रस, निजगढ, ११ जेठ/

कोल्हवी नगरपालिकाद्वारा आर्थिक वर्ष २०७९/८० मा नदीजन्य पदार्थ एक्साभेटर मात्र प्रयोग गर्नुपर्ने सम्झौतामा उल्लेख छ । तर यहाँ ठेकेदारले तीनवटा एक्साभेटर प्रयोग गरेसँगै प्रमुख रामप्रसाद चौधरीले बताए पनि मापदण्डविपरीत उत्खनन भने हुन छोडेको छैन ।




तस्वीर १, २, ३) कोल्हवी नपाको बकैया खोलामा बुधवार दिउँसो उत्खनन गरिएकोतीनवटा एक्साभेटर । ४, ५, प्रहरीले सोही दिन साँझ नियन्त्रणमा लिएको तीनवटामध्ये एउटा खोला बगरमा रहेको एक्साभेटर । तस्वीरः प्रतीक

(दहत्तर बहत्तर)को ठेक्का बन्दोबस्ती गरे पनि सम्बन्धित निकायले प्रभावकारी चासो नराख्दा ठेकेदारको मनोमानी बढेको छ ।

मापदण्डविपरीत एक्साभेटरको प्रयोग गर्दै नदीजन्य पदार्थको मनलाग्दी उत्खनन, दोहन मात्र होइन, थप एक्साभेटरसमेत प्रयोग गर्दै नदीजन्य पदार्थको दिनदहाडै दोहन गरेपछि नागरिकहरूको बारम्बारको दबाब जिल्लाका सम्बन्धित निकायले थेग्न नसकेपछि बाध्य भई प्रहरीले एक्साभेटर बुधवार साँझ खोलाबाट नियन्त्रणमा लिनुपरेको थियो ।

बाराको कोल्हवी नगरपालिकाद्वारा लगाइएको नदीजन्य पदार्थ (दहत्तर बहत्तर)को उत्खननका लागि दुईवटा मापदण्डविपरीत प्रयोग भएका एक्साभेटरलाई इलाका प्रहरी कार्यालय, निजगढले पक्राउ गरी जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढमा राखेको ट्राफिक प्रहरी निरीक्षक सुरेशकुमार ठाकुरले बताए ।

ठेकेदार कम्पनीले कोल्हवी नगरपालिकासँग बा.३क ३३२ नम्बर र ना.१क ८१३४ नम्बरका दुईवटा एक्साभेटर प्रयोग गर्ने जनाए पनि बा.३क ३३०८, बा.१क८०८०, बा.३क३१०८ नम्बरका एक्साभेटरद्वारा नदीजन्य पदार्थ उत्खनन गरिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेपछि ठेकेदारको कर्तुत अझै उदाङ्गो भएको हो । मापदण्डविपरीत कार्य गर्ने ठेकेदार कम्पनीलाई कानूनी दायरामा ल्याउने कोल्हवी नगरपालिकाका

दुई दिनअघि आफूसहित इलाका प्रहरी कार्यालय, कोल्हवीका प्रमुख, नगरपालिकाका प्राविधिकसहितको टोलीले खोलाको अनुगमन गर्दा दुईवटा मात्र एक्साभेटर भेटिएको र मापदण्डविपरीत खोला नखन्न आफूले अपरेटरलाई सचेत गराएको नगरप्रमुख चौधरीले बताए ।

त्यसैगरी, आर्थिक वर्ष २०७४/७५ मा तत्कालीन नगरप्रमुख भरतबहादुर भण्डारीको कार्यकालदेखि नदीजन्य पदार्थ ठेक्का सकार गर्ने केही कम्पनीहरूबाट लगभग नौ करोड बाँकी बक्यौता कोल्हवी नगरपालिकाले असुलउपर गर्नुपर्ने देखिएको छ । नपामा पटक–पटक सर्वदलीय बैठक बसेर केही रकम असुल उपर गरे पनि अझै उक्त रकम उठ्नुपर्ने भएपनि सो रकम अहिलेसम्म पनि भुक्तानी नभएसँगै जिल्ला प्रशासन कार्यालय, बारामा आवश्यक कागजात पेश गरी नदीजन्य पदार्थको बाकी बक्यौता रकम ठेकेदार कम्पनीहरूबाट असुल उपर गर्नेतर्फ कोल्हवी नपाले सबै कार्य पूरा गरी प्रक्रिया अघि बढाउने अन्तिम तयारी गर्झेको नगरप्रमुख चौधरीले जानकारी दिए ।

नदीजन्य पदार्थको ठेक्का सकार गर्ने अधिकांश व्यक्ति उही रहे पनि ठेक्का हात पार्न कानूनी छिद्रतालाई छल्दै फरकफरक फर्मद्वारा नगरपालिकाले बन्दोबस्ती गर्ने नदीजन्य पदार्थको ठेक्का हात पार्दै आइरहेको पाइएको छ । यत्रो रकम नगरपालिकाले उठाउन नसक्दा नसक्दै पनि फेरि उही व्यक्तिहरूलाई ठेक्का दिनु जनप्रतिनिधिहरू पनि शङ्काको घेरामा परेको नागरिकको भनाइ छ । यता ठेकेदारहरूले कानूनी छिद्रतालाई पहिल्याउँदै ठेक्का हात पार्ने गरेकाले रोक्न नसकिएको जनप्रतिनिधिहरू बताउँछन् ।

ठेकेदार कम्पलीले जेठ मसान्तसम्ममा मात्र खोला उत्खनन गर्न पाउने कानूनी प्रावधान भएसँगै समयावधि सकिन थालेसँगै बारामा नदीजन्य पदार्थको अचाकक्ली उत्खनन झ दोहन भइरहे पनि जिल्ला अनुगमन समिति, बारा प्रहरी, प्रशासन पछिल्लो समय मूकदर्शक बन्दै आइरहेका छन् । प्रारम्भिक वातावरणीय प्रभाव प्रतिवेदन अर्थात् आइइई रिपोर्ट अनुसार दैनिक तीन सय घनमिटर अर्थात् बढीमा दश चक्के टिपरले २८ टिपर नदीजन्य पदार्थ उत्खनन, ओसारपसार, सङ्कलन गर्नुपर्ने उल्लेख छ । तर यहाँ दैनिक ३ सयदेखि ५ सय टिपर अर्थात् ३ हजार ६०० घनमिटरदेखि ६ हजार घमिटर नदीजजन्य पदार्थ खोलाबाट उत्खनन गर्ने गरेका छन् । यसतर्फ सम्बन्धित निकाय सबै चुपचाप छन् ।

गत फागुन १५ गते कोहल्वीको भीम सखुवा आसपासको एक स्थान मात्र जिल्ला समन्वय समितिका अध्यक्ष नरेन्द्र कुमार साह, बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटा, प्रहरी उपरिक्षण होविन्द्र बोगटी, सशस्त्र प्रहरी उपरीक्षक टोप बहादुर डँगी, राष्ट्रिय अनुसन्धान कार्यालय बाराका प्रमुख अभिनय सिंहसहितको स्थानीय सुरक्षा निकायको टोलीले अनुगमन गरेका थिए । मापदण्ड अनुसार एक मिटर गहिराइ खन्नुपर्नेमा १.५० मिटरदेखि १.८२ मिटर सम्म नदीजन्य पदार्थ उत्खनन गरेको पाइएपनि अहिलेसम्म ठेकेदार कम्पनीलाई कानूनी कारबाई गरेका छैनन् । त्यस बेला मापदण्डविपरीत उत्खनन गर्ने ठेकेदार कम्पनीलाई अहिलेसम्म किन ? कानूनी कारबाई गरिएन । सम्बन्धित निकायहरूलाई आम सचेत नागरिकहरूले

(बाँकी अन्तिम पातामा)

# पर्सागढीका गाईभैंसीमा देखियो लम्पी रोग

बलिराम शुक्ला, बिरुवागुठी, ११ जेठ/

गाईभैंसीमा महामारीको रूपमा फैलिएको लम्पी स्किन डिजिज रोग पर्सागढी नगरपालिकामा पनि देखिएको छ ।




यहाँका पशुपालक किसानहरूले पालेका करीब आधा दर्जन गाईभैंसीमा यो रोग देखा परेको हो ।

पर्सागढी नपा–२ निवासी वीरेन्द्र महतोले पालेको गाईमा यो रोग देखा परेको छ भने वडा नं ३ र ४ मा पनि गाईभैंसीमा लम्की स्किन डिजिज देखा परेको पशुविज्ञले बताएका छन् ।

पर्सागढी नपा पशु सेवा शाखा प्रमुख डा पुष्पेन्द्रकुमार साहले अत्यधिक गर्मी शुरू भएसँगै गाईभैंसीमा लम्पी स्किन रोगको प्रकोप देखिएको बताए । उनले यसको रोकथामको लागि खोप, भेटेनरी अस्पताल र विज्ञ माग गरिएको बताए । झिंगा, भुसुना, लामखुट्टे, किर्नाको टोकाइबाट यो रोग सर्ने उनले

(बाँकी अन्तिम पातामा)

# रौतहटमा वृद्धको गोली हानी हत्या

प्रस, रौतहट, ११ जेठ/

देवाही गोनाही नगरपालिका–१ करुनियामा एकजना वृद्धको गोली हानी हत्या भएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

७० वर्षीय शेख तैयबको हत्या गरिएको अवस्थामा बिहीवार बिहान शव फेला परेको जिप्रका, रौतहटले जनाएको छ । बुधवार राति १२ बजेसम्म घरमैं रहेका तैयबको अज्ञात व्यक्तिले पछाडिबाट गोली हानेर हत्या गरेको हुन सक्ने प्रहरीले जनाएको छ । तैयबको शव घरबाट करीब एक किलोमिटर टाढा भेटिएको प्रहरीले जनाएको छ ।

तैयवको शव प्रादेशिक अस्पताल गौरमा शव परीक्षण गरी परिवारको जिम्मा लगाइएको तथा यस घटनाबारे अनुसन्धान भइरहेको र शव परीक्षणको रिपोर्ट आएपछि यसबारे थप जानकारी प्राप्त हुने प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरले जानकारी गराए ।

# महानगर र शिक्षक महासङ्घबीच सहमति




प्रस, वीरगंज, ११ जेठ/

नेपाल शिक्षक महासङ्घ पर्सा र वीरगंज महानगरपालिकाबीच बिहीवार सहमति भएको छ ।

सहमतिपछि महासङ्घले सञ्चालन गरेको आन्दोलन फिर्ता लिएको छ र भोलि शुक्रवारदेखि पठनपाठन सुचारु हुने भएको छ ।

मावि तहका शिक्षकहरूको सरुवाको विषय लिएर आन्दोलित महासङ्घ शिक्षकहरू सरुवा भएको स्थानमा हाजिर हुन सहमतिमा पुगेको महानगरले जनाएको छ ।

सहमतिपत्रमा हाल सरुवा भएका ठाउँहरूमा शिक्षकहरू हाजिर हुने र समस्या भएका स्थानहरूमा एक महीनाभित्र उजूरी गरेर सो समस्याको समाधान गर्ने सहमति भएको महानगरपालिका कार्यालयले जानकारी गराएको छ ।

आज भएको सहमतिमा प्रअहरूको मासिकरूपमा बैठक बस्ने, आचारसंहिता लागू गर्ने, महानगरको शिक्षा समितिमा महासङ्घको प्रतिनिधि सहभागी रहने, दरबन्दी मिलान गरी अपुग शिक्षक, कर्मचारीको व्यवस्थापन गर्ने र कर्मचारी सरुवा गर्दा सुझाव दल गठन गर्ने निर्णय भएको बताइएको छ ।

# नेपाली र भारतीय युवतीको उद्धार

नितेश कर्ण, वीरगंज, ११ जेठ/

मानव बेचबिखनविरोधी एकाइ क्षेत्रीय मुख्यालय रक्सौल (एसएसबी)ले एकजना नेपाली र भारतीय युवतीको उद्धार गरेको छ ।



उद्धारकर्ता र पक्राउ परेका महम्मद अली । तस्वीरः सौजन्य

ह्वाटसएपमार्फत भारत, उत्तर प्रदेशका मोहम्मद अलीले नेपाली युवतीसँग सम्बन्ध बनाएका र उनले ती युवतीलाई उत्तर प्रदेश लैजान खोज्दा बिहीवार एसएसबीले निजको उद्धार गरेको एसएसबीका मनोजकुमार शर्माले बताए ।

दुवै केटाकेटी अटोमा जाँदै गर्दा शङ्का लागेर सोधनी गरेको र युवकले नाबालिकालाई गलत सूचना दिएर लैजान लागेको रहस्य खोलेपछि नाबालिका र युवकलाई नियन्त्रणमा लिएको शर्माले बताए । नाबालिकाको घरपरिवारलाई खबर गरिएको र परिवार आएपछि हस्तान्तरण गरिने उनले बताए ।

यसैगरी, आजै एकजना भारतीय युवतीलाई गुमराह गरी नेपाल ल्याउन खोज्दा एसएसबीले उद्धार गरेको जवान अरविन्द द्विवेदीले बताए । उनले भारतीय युवतीकी आमाले घटनाबारे सूचना दिएपछि उनको उद्धार गरिएको बताए ।

दुवै उद्धार कार्यमा सहायक उपनिरीक्षक अनिलकुमार शर्मा, प्रमुख हवलदार अरविन्द द्विवेदी, हवलदार निक्की कुमारी, सीमा कुमारी, एनजिओकर्मी आरती कुमारी, राज गुप्ता, विजयकुमार शर्मालगायतको सहभागिता थियो । पक्राउ परेका महम्मद अलीविरुद्ध मानव तस्करीविरुद्ध उत्तर प्रदेशमा प्रयास किशोर सहायता केन्द्रले एफआइआई दर्ता गराएको एसएसबीले जनाएको छ ।

हार्दिक बधाई एवं शुभकामना



श्री रमेशप्रसाद कुर्मी

हाम्रो पार्टीबाट पर्सा क्षेत्र नं २ (२)बाट प्रदेशसभा सदस्य **श्री रमेशप्रसाद कुर्मी** मधेस प्रदेश सरकारको वन तथा वातावरणमन्त्रीमा नियुक्त हुनुभएकोमा हार्दिक बधाईका साथै उहाँको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

**शेख फिरोज**
वीरगंज नगर अध्यक्ष
लोकतान्त्रिक समाजवादी पार्टी, पर्सा

## विचारसार र सूक्तिहरू

**जीवनका प्रत्येक समस्या ट्राफिकको रातो बत्तीजस्तै हो। प्रतीक्षा गरेपछि बत्ती हरियो हुन्छ, तबसम्म धैर्य राखौं, प्रयास गरौं, समय अवश्य बदलिन्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


## गुरु, गुरु नै हुनपऱ्यो

**नेपाल शिक्षक महासङ्घ, पर्सा अहिले वीरगंज महानगरपालिका कार्यालयको विरोधमा आन्दोलित भएको छ। आन्दोलनमा उत्रिनुको कारण हो, महानगरपालिका कार्यालयले पछिल्लोपटक महानगरमा भएका सामुदायिक विद्यालयहरूको माध्यमिक तहका शिक्षकहरूको सरुवा गरेको विषय। पेशागत हकहितका लागि शिक्षक महासङ्घ प्रतिबद्ध, कटिबद्ध हुनुपर्छ। महासङ्घमा सबै राजनीतिक दलसँग आबद्ध शिक्षकहरूको सहभागिता छ। नेतृत्व जसले गरे पनि पेशागत हकहितका लागि गठित महासङ्घले जहिले पनि जुन अवस्थामा पनि आवाज उठाउनै पर्छ, उसको यो धर्म पनि हो। कुनै शिक्षकलाई राजनीतिक आस्था, व्यक्तिगत इबी आदिका कारण सरुवा बढुवा गरिनुहुन्न। यसैगरी, शिक्षकहरूले पनि आफ्नो जिम्मेवारीलाई इमानदारीका साथ पालना गर्नुपर्छ, कर्तव्य विमुख हुनुहुन्न।**

**शिक्षक पेशा नेपालमा दोषपूर्ण रहँदै आएको छ। राजनीतिक ओतमा नियुक्त लिने, अनि राजनीतिक शक्तिका आधारमा पेशालाई अगाडि बढाउने र सरुवा, बढुवा हुने भएकाले यो पेशाप्रति आम विश्वास कम हुँदै गएको हो। हैन भने कुनै बेला गुरु भनेपछि शिष्यहरू शिर निहुराएर हिंड्थे। गुरुको अगाडि बोल्ने हिम्मत गर्दैनथिए, बदमाशी त परैको कुरा भयो। अहिले गुरु भनाउँदा शिक्षकहरूको कतिको कदर हुन्छ, सबैले देखे, बुझे र भोगेको कुरा हो। शिक्षाको नाममा व्यापार चलाएर, विद्यार्थीहरूलाई आफूअनुकूलको प्रयोग गर्ने, शिक्षकको मर्यादामा नबस्ने कार्यले शिष्यहरूले पनि गुरुको आदर, सम्मान गर्न छाडेका हुन्। पछिल्लो समयमा त शिक्षा पूर्णरूपमा व्यापार भएको छ। संस्थागत विद्यालयहरूमा हुने शिक्षाको व्यापार छुट्टै विषय र प्रसङ्ग होला तर सामुदायिक विद्यालयहरूमा चरम बेथितिले शिक्षा क्षेत्रलाई बदनाम गरिदिएको छ। विद्यालयको नाममा भ्रष्टाचार, पुस्तकको नाममा भ्रष्टाचार, छात्रवृत्तिमा अनियमितता, अन्य सेवा र सुविधाका नाममा अनियमितता नै अनियमितता। यसैले होला सामुदायिक विद्यालयमा आफ्ना नानीहरू नपढाउने तर विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, पदाधिकारी बन्नका लागि मरिहत्ते गर्ने।**

**कुरा गरौं महानगरपालिका कार्यालयले गरेको शिक्षक सरुवाको विषयको। यसअघि पनि महानगरपालिका कार्यालयले शिक्षकहरूको सरुवा गर्दै आएकै हो। शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षक व्यवस्थापन समन्वय शाखा, सानो ठिमी, भक्तपुरमा यही जेठ ३ गते स्थानीय तहहरूलाई समेत जारी गरेको निर्देशनमा विषयगत शिक्षकलाई सोही विषयमा अध्यापनका लागि सरुवा गर्न रोक लगाइएको छैन। यसैगरी, नियुक्त भएको एक वर्षभित्र र अवकाश पाउने एक वर्ष बाँकी अवधिमा सरुवा गर्न नमिल्ने भनेको छ। महानगरले शिक्षक नियमावली पनि बनाएको छ। एउटा विद्यालयबाट अर्को विद्यालयमा गएर शिक्षकले शिक्षा नै दिने हो। अब यसमा विषयगत शिक्षकहरूलाई अन्यत्र काम गराइएको छ भने आन्दोलनको तुक रहन्छ। हैन भने महानगरपालिकाका ३२ वटा वडामा सरुवा हुँदैमा शिक्षकहरूलाई सार्है कठिनाइको सामना गर्नुपर्नेछैन। यसअघि महानगरले प्रावि र निमाविका शिक्षकहरूको सरुवा गरेको थियो, सबै चुप बसे। अनि अहिले माध्यमिक तहका शिक्षकहरूको सरुवा गरिएपछि आन्दोलित किन हुनुपरेको ? महानगरले यसअघि गरेको सरुवाको विरोध गरिएको भए विनासहमति सरुवा गर्ने उसको हिम्मत हुँदैन थियो।**

# अमेरिकाको हिन्दुविरोधी प्रतिवेदन

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**इसाइ मिशनरीहरूले पैसाको लोभ देखाएर केही गरीब एवं सोझा नेपालीलाई हिन्दूबाट इसाइ त बनाए तर उनको जीवनको गुजारा कसरी हुने ? त्यसबारे सम्झाएनन्। धर्म परिवर्तन गरी इसाई भएकाहरू अब हिन्दूसित लडाइँ गर्न भिडेका छन्, भिडाइएका छन्।**

सोभियत सङ्घको विघटन र शीतयुद्धको समाप्तिपश्चात् विश्व राजनीति एक ध्रुवीय रहिआएको छ। संयुक्त राज्य अमेरिका विगत तीन दशकभन्दा लामो समयदेखि आफूलाई विश्वको एकमात्र महाशक्ति राष्ट्र मान्दै आएको छ। दुई एशियाली देशहरू भारत र चीनको बढ्दो प्रभावका कारण अमेरिकाको दादागिरीमा यदाकदा रोक पनि लाग्दै आएको छ तर अमेरिका भन्ने विश्वमा आफूबाहेक अन्य राष्ट्रको आर्थिक एवं सामरिक प्रगति तथा विज्ञान एवं अन्तरिक्ष क्षेत्रमा गरेको विकासलाई सहन गर्न सक्दैन।

संयुक्त राष्ट्र सङ्घको मुख्यालय अमेरिकाकै शहर न्युयोर्कमा रहेको छ। स्वाभाविकरूपमा संयुक्त राष्ट्रद्वारा गठित विभिन्न खाले समितिहरूमा पनि अमेरिका समर्थक अधिकारीहरूकै बोलबाला र वर्चस्व रहिआएको छ। लोकतन्त्र, मानव अधिकार, धार्मिक स्वतन्त्रता र प्रेस स्वतन्त्रताबारे आफ्नो देशबाहेक विश्वका अन्य देशहरूमा समस्या नै देख्ने रोगबाट अमेरिका ग्रसित रहेको छ। लोकतान्त्रिक तरीकाले सम्पन्न निर्वाचनको परिणाम स्वीकार गर्न पनि दश दिनभन्दा बढी समय लगाउने त्यही अमेरिका अन्य देशमा कमी कमजोरी हेर्ने गर्दछ।

अमेरिकी विदेश मन्त्रालयले हालै सार्वजनिक गरेको धार्मिक स्वतन्त्रता सम्बन्धी प्रतिवेदनमा, नेपालमा अन्य धर्मावलम्बीहरूको धार्मिक अधिकारको हनन भइरहेको आरोप छ। जुन देशका राष्ट्रपति स्वयं इसाईहरूको पवित्र धर्मग्रन्थ बाइबलमाथि हात राखेर शपथ खान्छन्, ९/११ को घटनापछि तत्कालीन अमेरिकी राष्ट्रपति बुशले क्रुसेडको विषय उठाएका थिए। आफूलाई आवश्यकता परेको बेला तालिबान र अलकायदालाई जन्माउने अमेरिका आफ्नो निहित स्वार्थपूर्ति भएपछि तिनलाई सिध्याउने काम गर्दै आएको छ। हिन्दू धर्म, संस्कृति र वेद, उपनिषद्माथि लगाइएका आरोपहरू स्वीकार्य हुन सक्दैन। भारत र नेपालजस्तो सनातन हिन्दू संस्कृतिलाई आत्मसात् गर्दै आएका यी दुई देशले अमेरिका अथवा विश्वका अन्य कुनै पनि देशबाट धार्मिक शिक्षा र ज्ञान लिनु आवश्यक छैन।

अमेरिकाले सद्दाम हुसेन नेतृत्वको सरकारलाई पदस्थ किन गरायो र सद्दाम हुसेनलाई किन माऱ्यो यसको समुचित जवाफ अहिले पनि ऊसित छैन। संयुक्त राज्य अमेरिका आफूलाई विश्वको एक्लो महाशक्ति राष्ट्र ठान्दै आएको छ। धेरै अर्थमा अमेरिका विश्वको एकमात्र शक्तिशाली राष्ट्र हो तर कुनै देश शक्तिशाली हुँदैमा अन्य देशको राष्ट्रिय पहिचान, धार्मिक परम्परा, संस्कार एवं मान्यता तथा आत्मसम्मान र स्वाभिमानमाथि नाङ्गो हस्तक्षेप तथा प्रहार गर्ने अधिकार कसैलाई कसरी हुन सक्दछ ? हालै अमेरिकाको विदेश मामिलासम्बन्धी मन्त्रालयले अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता प्रतिवेदन-२०२२ सार्वजनिक गरेको छ, जसमा नेपालको धार्मिक मूल्य र मान्यतामाथि त प्रहार गरिएकै छ, दक्षिणी छिमेकी भारतमाथि पनि नेपालमा हिन्दू धर्मको प्रचारप्रसारमा सक्रिय भूमिका निर्वाह गरिरहेको कपोलकल्पित एवं हास्यास्पद आरोप लगाइएको छ। नेपाल र भारत सनातन धर्म एवं संस्कृतिमाथि विश्वास राख्दै आएका राष्ट्र हुन्। सनातन अथवा हिन्दू धर्म विश्वबन्धुत्व (अन्तर्राष्ट्रिय भाइचारा), वसुधैव कुटुम्बकम् र विश्व सहोदरा (सारा संसार आफन्त) भन्ने मान्यतामाथि विश्वास राख्दछ। मानव जाति त के पशु र बिरुवा मात्र होइन, सूर्य, पृथ्वी, हावा र पानी सबैलाई देवता मान्ने हिन्दू धर्ममाथि टिप्पणी गर्ने अधिकार हुन सक्दैन। नेपाल-भारत सनातन धर्म संस्कृतिका साझा उत्तराधिकारी छन्। हामीहरू स्वभाव र संस्कारले नैं सनातन धर्म संस्कृतिलाई मान्दै आएका छौं। हामीलाई तालीमको आवश्यकता हुँदैन। अमेरिकाले नेपाल-भारतबीचको अन्योन्याश्रित सम्बन्धलाई बुझ्न सक्दैन। त्यसले नेपाल र भारतजस्तो धर्मनिरपेक्ष देशमाथि आक्षेप लगाउनु निन्दनीय हो, दुर्भाग्यपूर्ण हो। ९० प्रतिशतभन्दा बढी हिन्दू भएको देश नेपाल र ८० प्रतिशत जति हिन्दू भएको देश भारतले आफूलाई धर्मनिरपेक्ष घोषित गर्नु हाम्रो उदारता र महानता हो। कतिपय देशमा ५० प्रतिशत जनसङ्ख्या नाघ्ने बित्तिकै राज्य चरित्र धर्म सापेक्ष (इस्लाम तथा इसाई) हुन पुग्छ। अमेरिकी विदेश मन्त्रालयको यो प्रतिवेदन खारेजयोग्य छ।

काठमाडौंस्थित अमेरिकी दूतावासले सरकारी अधिकारी, धार्मिक समूह, गैरसरकारी संस्था, पत्रकार, मानव अधिकारकर्मी, प्राज्ञ सञ्चारमाध्यम तथा अन्य स्रोतबाट प्राप्त सूचना अनुसार प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार पारिएको उल्लेख छ। अमेरिकाको प्रत्यक्ष अथवा अप्रत्यक्ष प्रभावमा परेकाहरूले अमेरिकाको चाहना बमोजिम जानकारी र सूचना जुटाउनु स्वाभाविकै हो। आफ्नो धर्म, संस्कृतिप्रति वफादार नभएकाहरू अमेरिकाप्रति वफादार हुन नसक्ने निश्चित छ।

भारतले भने अमेरिकी विदेश मन्त्रालयको विज्ञप्तिलाई खासै महत्त्व दिएको छैन। भारतीय विदेश मन्त्रालयका प्रवक्ताले अमेरिकी विदेश मन्त्रालयको अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रतासम्बन्धी प्रतिवेदनलाई झूटो सूचना र गलत बुझाइमाथि आधारित रहेको बताएको छ। पक्षपातपूर्ण टिप्पणीले प्रतिवेदनको विश्वसनीयतामा प्रश्नचिह्न उठाएको छ।

नेपालको चरित्र नै सनातन, धर्म एवं संस्कृतिले भरिएको छ। सनातन धर्म-संस्कृतिविना नेपाली जनजीवनको कल्पना पनि गर्न सकिँदैन। २०६३ सालमा जब नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषित गरियो त्यति बेला एकातिर तत्कालीन राजा ज्ञानेन्द्रको राजनीतिक उच्च महत्त्वाकाङ्क्षा एउटा प्रमुख कारण थियो भने अर्को कारण विदेशी मिशनरीबाट नेपालमा सञ्चालित अनेकौं आइएनजिओका नेपाली प्रतिनिधिहरूले आफ्नो स्वामीभक्ति देखाएका थिए। एकातिर राजतन्त्रलाई हिन्दू धर्मको पर्याय ठान्ने महाभूल गरियो भने अर्कोतिर अमेरिका, पश्चिम चीन र अरब राष्ट्रहरूबाट प्रभावित नेपाली नेताहरूले देशलाई धर्मनिरपेक्ष राष्ट्र घोषित गरेका थिए जबकि धर्म निरपेक्षताको मुद्दा न जनान्दोलन-२ को एजेन्डामा थियो, न माओवादी जनयुद्धकै एजेन्डामा थियो।

नेपालमा धर्मनिरपेक्षताको परिभाषालाई संविधानले नै परिभाषित गरिसकेको छ, जसमा सनातन धर्म संस्कृतिको संरक्षणको कुरा गरिएको छ। सबैलाई धार्मिक स्वतन्त्रता प्राप्त छ। आफ्ना आराध्यको पूजा, स्मरण र प्रार्थना गर्ने एकसमान अधिकार सबैलाई छ तर धर्म परिवर्तन गर्ने र गराउने छुट दिन सकिँदैन किनभने यसले हाम्रो मौलिक पहिचान नै समाप्त गरिदिनेछ। धार्मिक स्वतन्त्रताको अर्थ इसाई मिशनरीहरूलाई अथवा गैरहिन्दूलाई धर्म परिवर्तन गराउने छुट दिने होइन।

नेपालमा गाउँका गाउँ इसाईकरण गराइएको छ। घरपिच्छे चर्चहरू पहाडका अविकसित क्षेत्रमा हेर्न सकिन्छ। अब पशुपतिनाथ मन्दिरको परिसरमा इसाईहरूलाई शवगृह बनाउन कसरी जग्गा दिन सकिन्छ ? के भ्याटिकन चर्च परिसरभित्र हिन्दूलाई श्मशानघाट बनाउने छुट मिल्नेछ ? पक्कै होइन। इसाई मिशनरीहरूले पैसाको लोभ देखाएर केही गरीब एवं सोझा नेपालीलाई हिन्दूबाट इसाई त बनाए तर उनको जीवनको गुजारा कसरी हुने ? त्यसबारे सम्झाएनन्। धर्म परिवर्तन गरी इसाई भएकाहरू अब हिन्दूसित लडाइँ गर्न भिडेका छन्, भिडाइएका छन्। धर्म परिवर्तनमा लागेका इसाई मिशनरीका कार्यकर्ता नेपालमा पक्राउ पर्नु स्वाभाविक हो किनभने यो गलत कार्य हो, असंवैधानिक हो। अमेरिकाले नेपाल र हिन्दूबारे बढी चिन्ता गर्नु आवश्यक छैन।

# ब्यूँतिएला गोरखकाली रबर उद्योग ?

-रामबहादुर थापा
गण्डकी, ११ जेठ/रासस

रुग्ण गोरखकाली रबर उद्योगलाई पुरानै स्थितिमा फर्काउने सरकारको घोषणा कार्यान्वयन होला त भन्ने प्रश्न फेरि सतहमा आएको छ। सरकारले हालै सार्वजनिक गरेको आउँदो आव २०८०/८१ को नीति तथा कार्यक्रममा बन्द अवस्थामा रहेको सो उद्योग पुनः सञ्चालनमा ल्याउने उल्लेख छ।

सरकारको उक्त निर्णयले आशा जगाएको भएपनि घोषणा कार्यान्वयन हुनेमा भने जनस्तरमा संशय छ। यसअघि पनि पटकपटक गोरखकाली रबर उद्योगलगायत बन्द तथा रुग्ण अवस्थामा रहेका स्वदेशी उद्योग चलाउने सरकारी प्रयासले सार्थकता पाउन सकेको थिएन। गोरखकाली देशकै एकमात्र टायर उत्पादन गर्ने उद्योग हो।

विसं २०४९ साउनदेखि व्यावसायिक उत्पादन थालेको सो उद्योग व्यवस्थापनको कमजोरीका कारण विसं २०७२ देखि पूर्णरूपमा बन्द छ। सरकारले उद्योगमा कार्यरत २८० कर्मचारीलाई विसं २०७६ फागुनमा रु ९६ करोड दायित्वसहित अवकाश दिएको थियो। अहिले उद्योगको रेखदेखका लागि करारका कर्मचारी र सुरक्षागार्ड छन्।

उद्योगका प्रशासन अधिकृत दिनेश कार्कीले सरकारले चाहेमा अहिले भएकै पूर्वाधारबाट उद्योग पुनः सञ्चालन गर्न सकिने बताए। "५०/६० वर्षलाई थेग्ने गरी उद्योगको भौतिक संरचना बनेको



तस्वीरः रासस

छ," उनले भने, "बिग्रेका उपकरण र प्रविधि फेर्न थप लगानी भने गर्नुपर्छ।"

अधिकृत कार्कीका अनुसार उद्योगबाट 'बायस' प्रविधिको टायर र टचुब उत्पादन हुँदै आएको थियो। अहिले भारतीय बजारबाट 'रेडियल' अर्थात् 'टचुबलेस' प्रविधिको टायर नेपाल भित्रिने गरेको छ। नेपालको भूबनोट र सडकको स्तर अनुसार अझै केही दशक बायस प्रविधिकै टायर प्रयोगमा ल्याउन सकिने उनको भनाइ छ।

"रेडियल प्रविधिमा जाने हो भने रु ५० करोडभन्दा बढी लगानी चाहिन्छ, यो प्रविधि महँगो छ," अधिकृत कार्कीले भने। उद्योग बन्द हुनुपूर्व २५ वर्षसम्म उनले त्यहाँ कर्मचारीका रूपमा काम गरेका थिए। अहिले उद्योगको संरक्षण र रखेदेखका लागि उद्योग मन्त्रालयले उनलाई करारमा खटाएको छ।

"सहसचिवको नेतृत्वमा बनेको अध्ययन कार्यदलले पनि यो उद्योगलाई पुनः सञ्चालन गर्न सकिने भनेर औंल्याएको छ," अधिकृत कार्कीले भने, "सरकारको नीति तथा कार्यक्रममा पनि समावेश भएपछि उद्योग चल्नेमा आशा जागेको छ, मुख्यरूपमा उद्योग मन्त्रालयले नै यसमा पहल लिनुपर्छ।"

गोरखा जिल्लाको गोरखा नगरपालिका-१३ मजुवा देउरालीको ६६५ रोपनी क्षेत्रफलमा फैलिएको उद्योगमा झन्डै रु १० अर्ब बराबरको सम्पत्ति छ। उद्योगको जग्गा, भवन, वन सम्पदा, उपकरण आदिको संरक्षण प्रयास भएपनि लामो समयसम्म सञ्चालनमा नआउँदा जीर्ण बन्दै गएका छन्।

गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरले सार्वजनिक-निजी साझेदारी अवधारणाबाट उद्योग चलाउनुपर्ने धारणा राखे। "सरकारको मात्रै बाटो हेरेर हुँदैन, यसलाई थ्री पी मोडलमा लैजानुपर्छ," उनले भने, "उद्योग पुनः सञ्चालनबारे चीन र नेपालका विज्ञसँग छलफल भइरहेको छ, उद्योग चलाउन हामी लागिपरेका छौं।"

गुणस्तरीय टायर स्वदेशमैं उत्पादन गर्न सक्ने उद्योग लामो समयसम्म बन्द हुनु दुर्भाग्य भएको उनको भनाइ छ। "बजारमा रहेको भारतीय टायरको वर्चस्व तोड्न र नेपाली टायरलाई प्रतिस्पर्धी बनाउन पनि यो उद्योग सञ्चालन गर्नैपर्छ," प्रमुख रानामगरले भने, "स्वदेशी उत्पादनको प्रवर्द्धन र रोजगार सिर्जनामा यसले ठूलो मदत पुऱ्याउँछ।"

राजनीतिक प्रभाव, कमजोर व्यवस्थापन, बजार प्रवर्द्धनको कमी जस्ता कारणले उद्योग बन्द हुन पुगेको उनको भनाइ छ। उनले लगानी र नयाँ प्रविधि भित्र्याएर भएपनि उद्योग सञ्चालन गर्नुपर्ने बताए। गोरखाका राजनीतिकर्मी, व्यवसायीलगायत जनसाधारणले लामो समयदेखि सो उद्योग सञ्चालनको माग

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## पूँजीवादलाई हेर्ने नवउदारवादी दृष्टिकोण र कम्युनिज्म

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

> **कम्युनिस्टका अन्य नेता पनि पुष्पकमलले झैं झूट बोलेर ठूला-ठूला पदमा पुगेका छन् । चार पुस्तालाई पुग्ने धन कमाएका छन् । जनता भने यस आसमा बसेको छ कि कम्युनिस्टहरूले नै गरीबी बुझ्केकाले उनीहरू सत्तामा आए गरीबी समाप्त पार्नेछन् ।**

पूँजीवादलाई प्रजातन्त्रवादीहरूले फरक-फरक समयमा फरक-फरक किसिमले हेरे र त्यसै अनुसार पूँजीवादको परिभाषा पनि फरक-फरक किसिमले दिए । सामन्ती वा कृषि युग, औद्योगिक युग र सूचना-सञ्जाल युग गरी यी तीन युगमा पूँजीवादलाई हेर्ने उनीहरूको दृष्टिकोण अति नै फरक थियो । पूँजीवादलाई हेर्ने दृष्टिकोण सबै कालमा एकै किसिमको थिएन । तर कम्युनिस्टहरूले पूँजीवादलाई सदा एकै किसिमले हेरे । पूँजीवादलाई सधैं आफ्नो शत्रु देखे । आफ्ना समर्थकहरूलाई पनि पूँजीवाद गरीबहरूको शोषण गर्न शोषकहरूले प्रयोग गर्ने निर्मम हतियार हो भनी बताए, विश्वास गर्न लगाए ।

कम्युनिस्टहरूले पूँजीवादलाई सधैं वा जुनसुकै कालमा पनि शत्रु किन देखे ? यो प्रश्नको उत्तर सरल पनि छ र कठिन पनि । सरल यस कारण कि कम्युनिस्टहरू र मुख्यतः उनका नेताहरूले व्यक्तिगत स्वार्थ र जहिले पनि राज्य-सत्ता आफ्नो नियन्त्रणमा राख्न पूँजीवादलाई नराम्रो भने । पूँजीवादलाई गरीबको ठूलो शत्रुको रूपमा प्रस्तुत गरे, प्रचार गरे ।

कम्युनिस्टहरूले मतदाता वा गरीबहरूलाई के कस्ता कुरा भनेर पूँजीवाद उनीहरूको हितमा छैन भनी विश्वास गर्न लगाए भन्ने प्रश्नको उत्तर दिन सजिलो छैन किनभने पूँजीवाद गरीबहरूको हितामा छैन भनी विश्वास गर्न लगाउन कम्युनिस्ट नेताहरूले अनेक रणनीति प्रयोग गरे जुन सामान्य जनताले बुझ्न कठिन छ, सजिलै बुझ्नै नसकिने खालको ।

सामन्ती कालमा आय र रोजगारको मुख्य स्रोत कृषि थियो, भूमि मात्र थियो । यो कालमा सामन्तहरूसँग मात्र धेरै जग्गा हुन्थ्यो । अति गरीबहरूसँग जोत्नका लागि भूमिको एक टुक्रा पनि हुन्थेन । अति गरीबको हातमा एक टुक्रा जमीन हुने स्थिति सामन्तहरूले हुन पनि दिन्थेनन् । त्यस्तो भएमा सामन्तहरूलाई कृषि कार्यमा कृषि मजदूरको अभाव हुन्छ भन्ने कुरा राम्ररी थाहा थियो । अर्कोतिर आफूसँग कृषिका लागि एक टुक्रा जमीन नहुँदा, उत्पादन गर्न सक्ने स्थिति नभएर, अति गरीबहरू सामन्त (धनी किसान वा जमीनदार) को भूमिमा मजदूरी गर्न बाध्य हुन्थे । यसरी सामान्तहरूले अति गरीबहरू नित्य अति गरीब हुने स्थिति सृजना गरेर उनीहरूको चरम शोषण गर्दथे । उनीहरूलाई बलियो आर्थिक स्थितिमा कहिले पनि पुग्न दिन्थेनन् ।

त्यस युगमा यसरी सामन्तहरूद्वारा अति गरीबहरूको चरम शोषण हुन्थ्यो । र चरम शोषण गर्ने माध्यम पूँजी अर्थात् जमीन हुन्थ्यो । अति असमान जमीन-वितरण (केही व्यक्तिहरूको हातमा कृषियोग्य जमीनको ठूलो हिस्सा हुनु) ले शोषण कार्य सजिलो थियो । हो, यो कालमा, कम्युनिस्टहरूले भने अनुसार पूँजीद्वारा श्रम (गरीबहरू) शोषण हुन्थ्यो । चरम शोषण हुन्थ्यो ।

औद्योगिक युगमा पनि पूँजीद्वारा श्रम (मजदूर) को शोषण हुने कार्य कायम नै रह्यो । तर यो युगमा, सामन्तीकालझैं पूँजीपति (जमीनदार) हरूले ठूलो मात्रामा श्रम शोषण गर्न सकेनन्, सक्दैनथे पनि । उत्पादन प्रणालीमा मजदूरहरूको भूमिका पनि महत्त्वपूर्ण हुने भएकोले उद्योगपति वा पूँजीपतिहरू मजदूरहरूलाई न्यायोचित ज्याला दिन बाध्य भए । अर्कोतिर, कृषि युगझैं एउटा मजदूरले काम गर्दिनँ भन्दा अर्को मजदूर ल्याउन, उसलाई काममा लगाउन सजिलो थिएन । कृषि मजदूरहरूको तुलनामा औद्योगिक मजदूर अनेक सीपले युक्त थिए । उनीहरूको विकल्पमा कृषि मजदूरझैं, अर्को मजदूर पाउन सजिलो थिएन । औद्योगिक मजदूरहरूसँग विशेष सीप हुँदा, एकातिर उनीहरूको महत्त्व वृद्धि भएको थियो भने कृषियुगमा झैं जमीनदारको निगाहमा बाँच्नुपर्ने स्थितिको अन्त्य भएको थियो ।

अहिले यो पछिल्लो स्थितिमा, हामी सूचना-सञ्जाल युगमा बाँचिरहेका छौं । सूचना-सञ्जाल युग नव उदारवादी युग हो । यो युगले भूमिको महत्त्व कम पारिदिएको छ । उद्योगको अति महत्त्वलाई पनि कम पारिदिएको छ । अहिले बजारमा, ज्ञान र प्रविधिको वर्चस्व रहेको यस युगमा एक सामान्य व्यक्ति पनि ज्ञान, सीप प्रयोग गरेर सहजै रोजगार पाउन सक्छ । त्यति मात्र होइन, उसको ज्ञान व्यापारिक जगत्मा सफल भएमा, करोडौं कमाउन सक्छ । लघुकालमा नै अर्बपति, खर्बपति हुन सक्छ, एलेन मस्क, जेफ बेजोज, बिल गेट्स जस्तै । अहिले पूँजीपतिहरूले अनेक रणनीति प्रयोग गरेर, छलकपट गरेर, अत्याचार गरेर, मजदूरको चरम शोषण गरेर, सदा धनी हुन सक्ने स्थिति नै छैन । तर यसको अर्थ यो होइन कि पूँजीपतिहरूले मजदूरको शोषण गर्दैनन् । शोषण गर्छन् तर सामन्ती र औद्योगिक युगजस्तो होइन । एउटा उदाहरण हेरौं- कुनै एक कम्पनी (करपोरेशन) का संस्थापक (Promoters) हरूले सो कम्पनी सञ्चालन गर्न ठूलो पूँजी सङ्कलन गर्नुपर्छ । र सो पूँजी सङ्कलन गर्न बजारमा 'शेयर' वा स्टक बिक्री गर्नुपर्ने हुन्छ ।

कुनै पनि कम्पनीको एउटा होस् वा हजारवटा, जुन सङ्ख्यामा पनि, शेयर खरीद गर्ने व्यक्ति सो कम्पनीको मालिक हुन्छ । कानूनले नै उसलाई मालिक हो भनी परिभाषित गर्छ । यसरी केवल एक वा दुई शेयर खरीद गरेर कुनै एक व्यक्ति कुनै एक कम्पनीको मालिक हुन्छ । उक्त कम्पनीको सञ्चालकसमेत हुन पाउँछ । कम्पनीले प्राप्त गर्ने आम्दानीको हिस्सेदार हुन्छ । कम्पनीबाट अति सानो रकम प्राप्त गरे तापनि, कम्पनीले गर्ने आम्दानीमा उसको पनि हिस्सा हुने स्थिति हुन्छ ।

नव उदारवादी युगले कुनै एक व्यक्तिलाई अर्ब-खर्बपति हुने स्थिति सृजना गरिदिन्छ भने अर्कोतिर मजदूरको चरम (श्रम) शोषण हुने स्थिति पनि हुन दिंदैन । नव उदारवादी युगको यो नै ठूलो विशेषता हो । तर नव उदारवादी युगको यो विशेषतालाई कम्युनिस्टहरूले बुझेका छैनन् । ज्यादै कमले बुझेका छन् तर नबुझेको अभिनय गरिरहेका छन् ।

अहिले पनि पूँजीले श्रमको शोषण गर्छ भन्ने पुरानो गीत कम्युनिस्टहरूले बेसुरमा गाइरहेका छन् । जनतालाई ठगि नै रहेका छन् । यही गीत गाएर, नेपालको सन्दर्भमा, चुनावमा विजयी भइ नै रहेका छन्, सत्तामा पुगिरहेका छन् । यो नाटक मञ्चन गरेर कम्युनिस्टहरू मन्त्री, प्रधानमन्त्री हुने क्रम जारी छ, रोकिएको छैन । र रोकिने स्थिति पनि छैन ।

यो नव उदारवादी युगमा पूँजीले श्रमको चरम शोषण गर्छ भन्नु अति झूट बोल्नु हो भन्ने कुरा कम्युनिस्टका ठालू नेताहरूलाई राम्ररी थाहा छ । तर यो झूट नबोली उनीहरू चुनावमा विजयी हुन सक्तैनन्; मन्त्री, प्रधानमन्त्री हुन सक्तैनन् । यो कारणले गर्दा पनि उनीहरू लाज, शरम पचाएर झू बोलिरहेका छन् र नित्य बोलिरहने छन् ।

कम्युनिस्ट नेताहरू, नेपालको सन्दर्भमा, देश र जनताको सेवा गरेर होइन, यही झूट बोलेर शक्ति र सत्तामा पुगिरहेका छन् । तर अफसोच ! जनता नेताहरूको यो झूट ठम्याउन सकिरहेको छैन । नेताहरूले ठूलो भ्रम सृजना गरेको हुनाले सामान्य जनता यो झूट बुझ्न र परम्परागत सोचमा परिवर्तन ल्याउन सकिरहेको छैन ।

पूँजीले श्रमको चरण शोषण गर्छ, गरीबहरूलाई झनै गरीब पार्छ भन्ने झूट बोलेर नै, छोटो समयमैं (विस २०५२-२०६३) पुष्पकमल दहाल नेपालको राजनीतिमा अति सफल भए । कैयौंपटक प्रधानमन्त्री भए । आफन्तहरूलाई ठूलो पदमा पुऱ्याउन सफल भए । नेपालको राजनीतिलाई आफूले चाहेको दिशामा, आफूलाई फाइदा हुने दिशामा डोऱ्याउन अहिले पनि सफल देखिएका छन् ।

पूँजीवादले श्रमको चरम शोषण गर्छ । गरीबको अहित गर्छ भन्ने झूट बोलेर कम्युनिस्टहरूले नेपालको राजनीतिलाई वर्षौंदेखि प्रभावित पारिरहेका छन् । यस कार्यमा दहाल सर्वाधिक सफल छन् ।

कम्युनिस्टका अन्य नेता पनि पुष्पकमलले झैं झूट बोलेर ठूला-ठूला पदमा पुगेका छन् । चार पुस्तालाई पुग्ने धन कमाउन सफल भएका छन् । जनता भने यस आसमा बसेको छ कि कम्युनिस्टहरूले नै हाम्रो गरीबी बुझेकाले उनीहरू सत्तामा आए गरीबी समाप्त पार्नेछन्-जनताले पालेको यस्तो विश्वास अहिले नै टुट्ने स्थिति छैन । जनताको यो विश्वासले कम्युनिस्ट नेताहरू सत्ता र शक्तिमा पुग्ने क्रम पनि सोही अनुसार जारी नै रहने छ ।

हाम्रो देशमा कम्युनिस्टहरूले यसरी बोल्ने झूटको आयु निकै लामो छ । नेपालमा अति गरीबी रहेसम्म कम्युनिस्टहरूले बोल्ने यो झूट चिरञ्जीवी रहिरहने छ । नव उदारवादले कुनै असर पार्न सक्ने छैन ।

## क्रिकेटको सट्टाबाजीमा संलग्न चारजना पक्राउ

प्रस, वीरगंज, ११ जेठ ⁄






क्रिकेटको सट्टाबाजीमा संलग्न चारजनालाई पर्सा प्रहरीले बुधवार राति पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

वीरगंज-१५ स्थित सञ्जय श्रीवास्तवको तीन तले घरमा हाल जारी आइपिएल क्रिकेट खेलको सट्टाबाजीमा संलग्न रहेको आरोपमा प्रहरीले बारा, कलैया उपमहानगरपालिका-४ बस्ने ३१ वर्षीय सरोज साह, सर्लाही, रामनगर गाउँपालिका-६ बस्ने ३५ वर्षीय सन्तोषकुमार यादव, वीरगंज महानगरपालिका-२४ बस्ने ३४ वर्षीय धुरेन्द्रप्रसाद यादव र भारत, उत्तरप्रदेश गोरखपुर देवरिया बस्ने ५२ वर्षीय धर्मनाथप्रसाद जैसवाललाई पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ ।

उनीहरूबाट नेरु तीन लाख ९० हजार पाँच सय र भारु १५ हजार सात सय बरामद भएको तथा क्रिकेटको सट्टा खेलाउन प्रयोग हुने टिभीसहितका दसी प्रमाणहरू बरामद भएको जिप्रका, पर्साले जनाएको छ ।

## १४७० लिटर पाम तेलसहित दुईजना पक्राउ

प्रस, वीरगंज, ११ जेठ ⁄



१४ सय ७० लिटर पाम आयलसहित २ जनालाई जिल्ला प्रहरी कार्यालय, बाराले पक्राउ गरेको छ ।

बुधवार बिहान जीतपुरसिमरा उपमहानगर-२२ स्थित सुरेन बलले सञ्चालन गरेको आले ढिंडो एण्ड खाजा घरबाट १४ सय ७० लिटर पाम आयल बरामद भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुरुषोत्तम पाण्डेले बताएका छन् ।

हेटौंडा उपमहानगरपालिका-१५ भंगेरी बस्ने सुरेन बलको सो पसलमा पाम तेल रहेको सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सिमराले छापामारी गर्दा गर्दा ९८ ग्यालिनमा रहेको पामतेल १४७० लिटर, डिजेल २०० लिटर, तेल निकाल्न प्रयोग गर्ने पाइप तथा खाली जग्गामा रोकी राखेको पामतेल लोड गर्ने प्रदेश २-०३००१ ख.४५४२ नम्बरको टयाङ्कर र सहचालक जीतपुरसिमरा उपमनपा-२२ बस्ने मनिष उप्रेतीलाई पक्राउ गरिएको जिप्रका, बाराले जनाएको छ ।

## नारायणगढ-बुटवल सडकको प्रगति ३५ प्रतिशत

नवलपुर, ११ जेठ ⁄ रासस

विस्तारको काम शुरू भएको पूर्वपश्चिम राजमार्ग अन्तर्गत बुटवल-नारायणगढ सडकको पूर्वी खण्डमा ३५ प्रतिशत काम सकिएको छ । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)मा पर्ने पूर्वी खण्डमा प्रतिमहीना तीन प्रतिशतभन्दा बढी प्रगति आउने गरी काम भइरहेको हो ।

नारायणगढ-बुटवल सडक योजना पूर्वी खण्डका सूचना अधिकारी इन्जिनीयर धीरज ढकालका अनुसार पछिल्लो समय सडकमा कालोपत्र हुने क्रम बढेपछि समग्र प्रगति बढेको देखिएको हो । "सडक विस्तार गर्ने क्रममा छेउछाउमा माटो भर्ने, रूख काट्ने, विद्युत्का खम्बा सार्नेलगायतका काम गर्दा भौतिक प्रगति खासै देखिँदैन," उनले भने, "अहिले धेरै ठाउँमा कालोपत्रको काम धमाधम भइरहेका कारण भौतिक प्रगति बढ्दै गएको हो ।"

इन्जिनीयर ढकालका अनुसार सडकको नवलपुर खण्डमा आठ दशमलव पाँच किलोमिटर सडकमा कालोपत्रको काम भइसकेको छ । "अहिले यस सडकको पूर्वी खण्डमा साढे आठ किलोमिटर एकतर्फी कालोपत्रको काम भएको छ," उनले भने, "हर्कपुर, अमरापुरी तथा कावासोतीमा कालोपत्रको काम भएको छ, धेरै ठाउँमा कालोपत्रको तयारी भइरहेको छ ।"

अहिले सडकका विभिन्न भागमा दैनिक जस्तो कालोपत्रको काम भइरहेको इन्जिनीयर ढकालले बताए । "सडक विस्तारका लागि संरचना हटाएर माटो भरिएको ठाउँमा कालोपत्रको तयारी भइरहेको छ," उनले भने, "आगामी असारसम्म मुकुन्दपुरबाट डोन्डासम्म कालोपत्र गर्नेगरी निर्माण व्यवसायीले काम गरिरहेको छ ।"

इन्जिनीयर ढकालका अनुसार यस खण्डको ६५ किमी क्षेत्रमा निर्माण हुने २१५ कल्भर्टमध्ये १११ मा काम सकिएको तथा ४० स्थानमा कल्भर्ट निर्माणको काम भइरहेको छ । यहाँ साना फलामे पुललाई हटाएर निर्माण हुने २२ माइनर ब्रिज (साना पक्की पुल)मध्ये १४ स्थानमा पुल निर्माण सम्पन्न भइसकेका छन् । "दुई स्थानमा एक साइडको पुल निर्माण भएको छ, पाँचवटा माइनर ब्रिज निर्माणको काम भइरहेको छ," उनले भने, "निर्माण भइरहेको ठाउँमा फाउन्डेशन, सबस्ट्रक्चर र सुपस्ट्रक्चरको काम भइरहेको छ ।"

चार लेनमा फराकिलो हुने सडकमा रहेका दुई लेनका ठूला पुलको स्थानमा १२ वटा चार लेनका पुल निर्माण हुँदैछन् । "अहिले १२ वटै ठूला पुल निर्माणको काम धमाधम भइरहेको छ," उनले भने, "सात पुलमा सबस्ट्रक्चरको काम सकियो, तीनवटामा सबस्ट्रक्चरको काम हुँदैछ भने दुईमा काम भइरहेको छ ।" ठूला पुल निर्माण हुने स्थानमा राखिने 'प्रिकास्ट' र 'प्रिस्ट्रेस गडर' (पुलमा पिल्लर निर्माण गरेपछि ल्याएर लठ्ठाले तन्काएर राखिने बिम । यो बिम राखेपछि पुलमा ढलान गरिन्छ)को काम खोलाको नजीकै भइरहेको छ ।

सडक विस्तारको कामसँगै ढल निकासका लागि नाला निर्माणको काम पनि तीव्ररूपमा अघि बढेको ढकालको भनाइ छ । उनका अनुसार हालसम्म ३१ किमी नाला निर्माणको काम सकिएको छ । "अवस्था हेरेर हामीले नाला निर्माण गरेका छौं, उनले भने, "सहज हुने ठाउँमा त्यहीं फाउन्डेशन उठाएर नाला बनाएका छौं, केही स्थानमा बाहिर तयार पारिएका सेट ल्याएर नाला बनाएका छौं ।"

सडक विस्तारका लागि विद्युत् तथा खानेपानीको संरचना सार्ने काम पनि सँगसँगै भएको उनको भनाइ छ । "अहिलेसम्म विद्युतीय संरचना सार्ने काम ४५ प्रतिशत सकिएको छ, खानेपानीको संरचना सार्ने काम ७० प्रतिशत पूरा भएको छ," उनले भने, "सडक विस्तारका लागि काटिने करीब ३६ हजार तीन सय रूखमध्ये ९९ दशमलव ९९ प्रतिशत काम सकिएको छ ।"



**हँसिया जप्दै आरन व्यवसायी :** बागलुङको निसीखोला गाउँपालिका-४ झिवाखोलामा हँसिया जप्दै आरन व्यवसायी । युवापुस्ताले चासो नदिंदा आजभोलि आरन व्यवसाय सङ्कटमा पर्दै गएको छ । तस्वीरः रासस

# आर्थिक सङ्कटबाट कसरी उन्मुक्ति पाउने ?

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**केही समयदेखि बैंकबाट लिएको ऋण तिर्नुपर्दैन भन्दै एउटा समूह आन्दोलनमा लागेको छ। अर्कोथरी कर तिर्दैनौं भन्दै सडकमा उत्रिएको छ। कर सरकारी सेवा-सुविधा प्रयोग गरेबापत हरेक नागरिकले तिर्नुपर्छ। कर नै सरकारको आम्दानी हो, यसबाट सरकारी सेवा प्रदायक, सेना, प्रहरी र तिनका परिवारको खाने मेसो जुट्छ।**

विगत केही वर्षदेखि नेपालमा पूँजीगत खर्च वृद्धि हुन सकिराखेको छैन। पूँजीगत खर्च वृद्धि हुन नसक्दा अर्थतन्त्र दबाबमा परेको छ। यसले विकास निर्माणका नयाँनयाँ परियोजना कार्यान्वयन हुन नसक्दा रोजगार सिर्जनामा समेत अवरोध उत्पन्न भएको छ। पूँजीगत खर्च गर्न नसक्दा मुलुकको आर्थिक वृद्धिदरसम्बन्धी सरकारी प्रक्षेपणसमेत पूरा हुन नसक्ने अवस्थाको सिर्जना भएको छ। पूँजीगत बजेट खर्च हुन नसकेको अवस्थामा विकास निर्माण कार्यले पूर्वनिर्धारित उपलब्धि हासिल गर्न सक्दैन। फलस्वरूप मुलुकमा बढ्दो गरीबी, बेरोजगारी, उच्च मुद्रास्फीति, भ्रष्टाचार, अनिश्चित रेमिट्यान्स, गिर्दो निर्यात, बढ्दो आयात, उच्च व्यापार घाटा, कमजोर उद्योग निर्माण क्षेत्र, कृषिको न्यून उत्पादकत्व र सीमित मुलुकसँग उच्च निर्भरताले गर्दा दैनिक उपभोग्य वस्तुमा समेत आत्मनिर्भर हुन नसक्ने अवस्था छ। घट्दो राजस्व, अपर्याप्त वैदेशिक मुद्रा सञ्चिति, बढ्दै गएको ऋणको भार, गुणात्मक शिक्षाको अभाव र शिक्षण संस्थामा अधिकतम व्यक्तिको न्यून पहुँचलगायत समग्र 'म्याक्रो-इकोनोमिक' क्षेत्र नेपालको विद्यमान नीतिको समन्वय र कार्यान्वयन स्थितिको दुर्बलताले गर्दा जन्मिएको हो।

नेपालको अर्थतन्त्र आयातमुखी छ। कुल राजस्वको झन्डै ६० प्रतिशत हाराहारी भन्सारको योगदान छ। कोभिड र रूस-युक्रेन युद्धले अन्तर्राष्ट्रिय बजारमा नै मूल्यवृद्धि हुँदा नेपालले आयात गर्ने इन्धन, अटोमोबाइलदेखि खाद्यान्नसम्मका सामानमा उच्च मूल्यवृद्धि भएको छ। आयातमा निर्भर मुलुकमा यसरी उच्च मूल्यवृद्धि भएको कारणले अर्थतन्त्रका सूचक कमजोर भएका छन्। राजस्व न्यून हुनुमा आयात नियन्त्रण भनिए पनि यो मात्र कारण होइन। भारतसँग करीब १८०० किमि खुला सिमाना जोडिएकोले अवैध आयात निर्यात र चोरी निकासी हुने गरेको अवस्था पनि छ। यसले केही मात्रामा भए पनि राजस्वमा असर परेको देखिन्छ। नेपालको अर्थतन्त्र मूलतः वैदेशिक सहायतामा निर्भर देखिन्छ। यस अन्तर्गत वैदेशिक अनुदान र ऋण सहायता नै हो। आयोजना व्यवस्थापनमा रहेका विभिन्न समस्या निराकरण गर्न नसक्दा दातृ निकायबाट उपलब्ध सहायता पनि खर्च गर्न नसकिएको अवस्था छ। विशेषगरी दातृ निकायले सहायता दिंदा विभिन्न शर्त र प्रक्रिया पूरा गर्नुपर्ने कारणले गर्दा पनि रकम प्राप्त गर्न सकिएको छैन। पहिले नेपाल सरकारको स्रोतबाट खर्च गर्ने र पछि उक्त रकम दातृ निकायबाट प्राप्त गर्ने प्रक्रिया हुन्छ, जसलाई शोधभर्ना भनिन्छ। आयोजना कार्यालयले सम्झौतामा उल्लेख भए अनुसार शोधभर्ना माग नगर्ने कारणले गर्दा पनि नेपाल सरकारको सञ्चित कोषमा दबाब सिर्जना हुने गरेको देखिन्छ। यसरी सरकारी ढुकुटीमा राजस्व र वैदेशिक ऋण सहायता दुवैतर्फबाट दबाब सिर्जना भएको अवस्था छ। आयात नियन्त्रण गर्न सरकारले बढी मूल्य भएका र विलासिताका सामान आयातमा रोक लगायो। यसले फेरि भन्सार राजस्वमा प्रतिकूल प्रभाव पार्‍यो। राजस्व प्राप्तिमा दबाब परेको हुँदा अहिले प्रतिबन्ध हटाइएको छ। प्रतिबन्ध लगाउँदा राजस्व कम प्राप्त हुने र प्रतिबन्ध नलगाउँदा आयात बढेर शोधनान्तर घाटा बढ्न जाने हुँदा अर्थतन्त्रमा बढी दबाब परेको छ।

यतिखेर राजस्व, पूँजीगत खर्च, तरलता, सरकारी कोषमा परेको चाप, विदेशी मुद्रा सञ्चिति, ब्याजदर, आन्तरिक उत्पादन, बढ्दो आयात र घट्दो निर्यातजस्ता अर्थतन्त्रका आधारभूत क्षेत्र नै खस्किएका छन्। यी क्षेत्रको सुधार नगरी अर्थतन्त्रले लय लिन सक्ने अवस्था आउँदैन। मुलुकको अर्थतन्त्र असहज अवस्थाबाट गुज्रिरहेको अहिलेको बेला वर्तमान सरकारको अर्थमन्त्रीको जिम्मेवारी डा. प्रकाशशरण महतले पाएका छन्। आर्थिक क्षेत्रमा विशेष चासो राख्ने नेताको रूपमा चिनिने डा. महतले अर्थतन्त्र समस्यामा रहेको भन्दै सम्पूर्ण राज्य संयन्त्र सुधारमा लाग्नुपर्ने बताउँदै आएका छन्। समस्याग्रस्त अर्थतन्त्रमा सुधार गरेरै छाड्ने दाबी गर्दै आएका अर्थमन्त्री डा. महतले सरकारको साधारण खर्च कटौती गर्ने, प्राथमिकताका आधारमा मात्र खर्च गर्ने, खर्च गर्न सक्ने क्षमता बढाउने, लगानी बढाउने र राजस्वको दायरा बढाउने विषयलाई उच्च प्राथमिकता दिने बताउँदै आएका छन्। अर्थतन्त्रलाई आन्तरिकरूपमा चलायमान बनाउनका लागि अर्थ मन्त्रालयले सक्रियता देखाउनु आवश्यक छ। लघुवित्त र सहकारीमा समस्या रहेकोले अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैंकसँग समन्वय र सहकार्य गरेर यसको समाधान गनुपर्ने हुन्छ। यसका साथै जनतामा व्याप्त निराशालाई आशामा बदल्दै सकारात्मक सोचका साथ लगानी गर्न निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने चुनौती पनि अर्थमन्त्री डा महतको छ। यसका साथै विद्यमान आर्थिक सङ्कुचनबाट उन्मुक्ति पाउन सरकारको ध्यान उत्पादन बढाउनेतर्फ केन्द्रित हुनुपर्छ। नेपालको अर्थतन्त्रलाई बलियो बनाउने आधारभूत क्षेत्र भनेको कृषि नै हो। सरकारले मलमा दिएको अनुदान घटाउनु गलत हो, कृषिमा जतिसुकै घाटा हुने भए पनि सरकारले लगानी गर्नुपर्छ। नेपालमैं उत्पादन गर्न सकिने खाद्यवस्तुको आयात प्रतिस्थापन गरी उत्पादनमूलक काम गर्नुपर्छ। सरकारले यस्ता क्षेत्रमा लगानी गरिदियो भने केही दिनमा खाद्यान्न, तरकारी आयात कम गर्न सकिन्छ। आयात कम हुँदा अर्थतन्त्रलाई स्वतः राहत पुग्छ।

त्यस्तै सरकारले विद्युत् उत्पादन बढाएर खाना पकाउनका लागि यसको प्रयोगमा जोड, कृषि अनुदानको दुरुपयोग नहुनेगरी काम गरी कृत्रिम किसान खडा गर्ने संस्कार रोक्नुपर्छ भने जैविक मलको उत्पादन र प्रयोगलाई प्रश्रय दिनुपर्छ। यसैगरी स्नातक सकेपछि मात्र विदेश पढ्न जान दिने, सीप भए मजदूर मात्र बाहिर पठाउने व्यवस्था पनि सरकारले मिलाउनुपर्छ। नयाँ सुधारात्मक प्रविधिको खोजी गरी खोज-अनुसन्धानमा जोड दिनुपर्छ। विदेशी वस्तुको उपभोगमा कमी ल्याउन अत्यावश्यक वस्तु मात्रै आयात गर्न ध्यान दिनुपर्छ। रेमिट्यान्सबाट भएको वैदेशिक मुद्राको सञ्चितिमा रमाउनुभन्दा वस्तु निर्यातबाट कसरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ भन्नेतर्फ सरकारको ध्यान जानुपर्दछ। उच्च ब्याज तिरेर उद्योग चल्न/चलाउन सकिंदैन। यस्तो लगानीबाट उत्पादन गर्दा उत्पादन लागत बढेर बजार मूल्य महँगो हुन जान्छ। बजारमा वस्तुको खपत हुँदैन। उपभोग नै नभएपछि रोजगार सिर्जना हुँदैन, रोजगार नभएपछि उपभोक्ताको किन्ने क्षमता न्यून हुन्छ। त्यसैले मलमा अनुदान दिनैपर्छ। उद्योगका लागि लिएको ऋणको ब्याजदर, उद्योगमा चाहिने कच्चा पदार्थको भन्सार कर, कृषिको उत्पादनमा दिइने अनुदान, सहुलियतका लागि रकम कटौती गर्नुहुँदैन।

केही समयदेखि बैंकबाट लिएको ऋण तिर्नुपर्दैन भन्दै एउटा समूह आन्दोलनमा लागेको छ। अर्कोथरी कर तिर्दैनौं भन्दै सडकमा उत्रिएको छ। कर सरकारी सेवा-सुविधा प्रयोग गरेबापत हरेक नागरिकले तिर्नुपर्छ। कर नै सरकारको आम्दानी हो, यसबाट सरकारी सेवा प्रदायक-सेना, प्रहरी र तिनका परिवारको खाने मेसो जुट्छ। कर सरकारले जनताबाट उठाउँछ र जनतालाई नै फिर्ता गर्छ। निजी क्षेत्रमा पनि सरकारको नीतिका कारण रोजगार सिर्जना हुन्छ। त्यसैले कुनै पनि नागरिकले कर तिर्दिनँ भन्न पाउँदैन। बरु करका दर घटाइदेऊ भन्न सकिन्छ। यस्ता गलत हर्कत गर्ने अभ्यासले अराजकता निम्त्याउँछ, यसमा सरकार सजग हुन आवश्यक छ। यस्ता हर्कतले मुलुकको आर्थिक प्रणालीमा खलल पुग्छ। हुन्डीलाई अवैधभन्दा पनि आवश्यक प्रक्रिया बनाएर वैध बनाउन आवश्यक छ। अर्थतन्त्रमा उत्पादनको भूमिका सबैभन्दा ठूलो हुन्छ, यसैबाट रोजगार, आय सिर्जना हुन्छ। सरकारले कृषिजन्य उत्पादनमा जोड दिएर नै आर्थिक सङ्कुचनको समाधान गर्न सक्दछ। त्यसैले आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, स्वदेशी लगानी, उद्योगधन्दाको संरक्षण, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा विशेष जोड दिनुपर्छ। यसका लागि सरकार, सहकारी र निजी क्षेत्र हातेमालो गरेर अगाडि बढ्नुको विकल्प छैन।

# चालू आवको वैशाखसम्म २४० वटा लागूऔषध मुद्दा

प्रस, वीरगंज, ११ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले चालू आवको वैशाखसम्म २४० वटा लागूऔषध मुद्दा दर्ता गरेको छ।



तस्वीर: सौजन्य

लागूऔषध मुद्दामा ३१२ जना पुरुष र १२ जना महिला रहेका छन्, जसमध्ये २७ जना विदेशी पुरुष र एकजना महिला रहेको जिप्रका, पर्साका प्रवक्ता दीपक गिरीले बताएका छन्।

दश महीनाको अवधिमा प्रहरीले १,११४ किलो गाँजा, ८८ किलो चरेस, ७९४ ग्राम हेरोइन, ७४८१ पिस फेनारगन, ७६६४ पिस डाइजेल्याब, ७,४२२ पिस नुर्फिन, २३,४०६ पिस नाइट्रोभ्याट ट्याबलेट, २,०३२ सिसी कोरेक्स र ७८ किलो चरेसको धूलो बरामद गरेको जिप्रका, पर्साका प्रवक्ता गिरीले बताए। उनले चैत महीनामा लागूऔषध मुद्दा ४९ वटा र वैशाखमा १८ वटा दर्ता भएको बताएका छन्।

# २३८ जना हराएकोमा १८६ जना फेला

प्रस, वीरगंज, ११ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले चालू आवको वैशाखसम्म २३८ जना महिला, बालबालिका र ज्येष्ठ नागरिक हराएको जनाएको छ।

हराएकामध्ये १८६ जनालाई प्रहरीले फेला पारेको छ भने ५२ जनाको खोजी भइरहेको जिप्रका, पर्साका प्रवक्ता दीपक गिरीले बताए।

९१ जना महिला, ३४ जना बालक, १०८ जना बालिका हराएको निवेदन दर्ता भएकोमा ६८ जना महिला, २७ जना बालक र ८६ जना बालिका फेला पारेर परिवारको जिम्मा लगाएको उनले बताए। २३ जना महिला, सातजना बालक र २२ जना बालिका अझै फेला नपरेको र उनीहरूको खोजी भइरहेको प्रवक्ता गिरीले बताएका छन्।

# बिलभन्दा बढी सामानसहित ट्रक नियन्त्रण

प्रस, वीरगंज, ११ जेठ/

बिलबीजकभन्दा बढी औषधि, हार्डवेयर र खुद्रा सामान लोड गरेको एउटा ट्रकलाई नियन्त्रणमा लिई पर्सा प्रहरीले राजस्व अनुसन्धान कार्यालय पथलैया, बारा बुझाएको छ।



वीरगंज महानगर-१६ नगवास्थित सडकखण्डबाट ना.७ ख ७६७६ नम्बरको ट्रक चेकजाँच गर्दा सोमा लोड भएको हार्डवेयर, स्टेशनरी, खुद्रा तथा लत्ताकपडा सामानहरु बिलबीजकभन्दा बढी देखिएको शङ्काको आधारमा अनुसन्धानको लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बिहीवार चलान गरिएको जिप्रका, पर्साले जनाएको छ।

# नवीनतम् 'ब्रान्डिङ' सेवा प्रदान गर्ने प्रदायकलाई आवेदन आह्वान

काठमाडौं, ११ जेठ/रासस

'सहज च्यालेन्ज फन्ड-तेस्रो' अन्तर्गत नवीनतम ब्रान्डिङ, प्याकेजिङ र वितरण प्रणालीसम्बन्धी सेवा प्रदान गर्ने सेवा प्रदायकलाई आवेदनका लागि आह्वान गरिएको छ। सहज च्यालेन्ज फन्डले आज यहाँ पत्रकार सम्मेलन गरी तेस्रो चरणको औपचारिक शुभारम्भ गरिएको जानकारी दिएको हो।

कार्यक्रममा स्वीस कन्टचाक्टका तर्फबाट नेपाल कृषि बजार विकास कार्यक्रम (एनएएमडिपी)का समूह नेता रिक भ्यान डर क्याम्पले स्वीस कन्टचाक्टका परियोजनाले खेलेको परिवर्तनकारी भूमिकाबारे जानकारी दिए। एनएएमडिपीका कृषि सेवा प्रबन्धक शुभेच्छा श्रेष्ठले सहज च्यालेन्ज फन्ड, यसका विभिन्न चरण र फन्डले गर्दै आएका कामका बारेमा जानकारी दिएकी थिइन्।

प्राक्टिकल एक्सन कन्सल्टिङका तर्फबाट सहज च्यालेन्ज फन्डका समूह नेता अधिश कार्कीले तेस्रो चरणको च्यालेन्ज फन्डले काम गर्ने कार्यक्षेत्र, सहयोगको प्रकार, आवेदन प्रक्रिया र सहयोग रकमबारे जानकारी दिए। फन्डले रु पाँच लाखदेखि रु ५० लाखसम्म सहयोग गर्ने आयोजकले जनाएको छ।

प्रस्तावित सेवाको माग, सान्दर्भिकता र सेवाप्रदायकको क्षमताको जाँच गरी सहयोग रकम तोकिनेछ। उपकरण तथा मेशिनेरी खरीदका लागि भने फन्डले सहयोग नगर्ने व्यवस्था छ। फन्डका ब्रान्डिङ र प्याकेजिङ विशेषज्ञ अनुज श्रेष्ठ र वितरण प्रणाली विशेषज्ञ दिविभभक्त श्रेष्ठले आफ्ना क्षेत्रमा रहेका बाधा, अवरोध तथा चुनौतीबारे जानकारी दिए।

च्यालेन्ज फन्डका लागि यही असार ५ गतेसम्म आवेदन दिन सकिने जनाइएको छ। आवेदनको समयसीमा सकिएपछि पहिलो चरणको मूल्याङ्कन गरिने र सफल आवेदकलाई पूर्ण व्यावसायिक योजना बुझाउन अनुरोध गरिने सम्मेलनमा जानकारी दिइएको थियो। पेश गरिएका व्यावसायिक योजनाको पूर्ण मूल्याङ्कनपछि छानिएका विजेता आवेदकले सहयोग रकम पाउनेछन्।

आवेदकको माग अनुसार अनुकूलित वित्तीय र प्राविधिक सहयोगमार्फत सहज च्यालेन्ज फन्डले लक्षित सेवामा पहुँच बढाउँदै कोशी प्रदेशको कृषि क्षेत्रमा उच्चस्तरको व्यवसायीकरण र आर्थिक मूल्य प्रवर्द्धनमा योगदान पुर्‍याउने लक्ष्य राखेको छ।

कार्यक्रममा स्वीस कन्टचाक्ट, स्प्रिड र प्राक्टिकल एक्सन कन्सल्टिङका प्रतिनिधिलगायतको सहभागिता थियो।



**मकै छर्दै किसान :** घोराही उपमहानगरपालिका-१२ सिस्नेरीका स्थानीय किसान बिहीवार गोरु र हलोको सहायताले मकै छर्दै। कृषिमा आधुनिकीकरण भित्रिएसँगै यसरी मकै छर्ने परम्परा लोप हुँदैछ। तस्वीरः रासस



## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## सुरक्षा र खाद्यान्नसहित अनेकौं चुनौतीबीच सुडानी शरणार्थी

आस्वान, इजिप्ट, ११ जेठ/एएफपी

युद्धमा आफ्नो लाभ देख्ने सुडानी शासक र विद्रोही समूहहरूको सत्ताको


तस्वीरः एएफपी

लडाइँका कारण इजिप्टमा विस्थापित सुडानी सर्वसाधारणले लामो बाटोमा चर्को गर्मीदेखि सुरक्षा र धेरै अवरोधको सामना गर्नुपरेको छ ।

सीमामा पर्खिरहेका सयौं शरणार्थी परिवारमध्ये केहीसँग राहदानी छैन । महिला र बच्चाहरूलाई छुट दिइए पनि आफ्ना पति, भाइ वा छोरालाई भिसा नदिएसम्म आफूहरू कतै जान नसकेको बताउने एक महिलाले आफूहरूले इजिप्टको वाणिज्य दूतावासको कृपा पर्खेर दिन बिताइरहेको बताइन् ।

अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम)का अनुसार गत अप्रिल १५ मा दुई प्रतिद्वन्द्वी जनरलका सेनाबीच युद्ध शुरू भएयता एक लाख ३२ हजारभन्दा बढी शरणार्थी इजिप्ट आइपुगेका छन् ।

सीमावर्ती शहर वादी हल्फास्थित इजिप्टको वाणिज्य दूतावासले आफन्तलाई भिसा दिने पर्खाइमा रहेकी एक महिलाले केही दिनदेखि 'कहिले भुइँमा त कहिले बसमा सुतिरहेको' एएफपीलाई बताइन् ।

नाम नबताउने शर्तमा ती महिलाले भनिन्, "हामी खार्तुममा आफ्नो घरबाट भागेको एक महीनापछि आफ्ना केही काकीहरूसँग सीमा पार गर्‍यौं, तर मेरो काकालाई भने प्रवेशाज्ञा मिलेको छैन । हामी उहाँहरूको पर्खाइमा इजिप्टको सिमानामा खुला आकाशमा दिनरात बिताइरहेका छौं । हामी विदेशमा केही गर्न जान्दैनौं । काकाहरूविना हाम्रो अघिको यात्रा असम्भव छ । तर इजिप्टको वाणिज्य दूतावासले उहाँहरूलाई प्रवेश आज्ञा दिएको छैन ।"

दुई हप्ताको प्रतीक्षापछि अन्ततः कायरो पुगेका अरू केही सुडानी नागरिकहरूले वादी हल्फामा फसेका कारण युद्धका समय फाइदा लुट्ने मुनाफाखोरहरूको व्यवहारको शिकार बनेको बताए । उनीहरूले सबै कुराको अत्यधिक मूल्य निर्धारण गरिएको बताए । आफ्ना अरू साथी वादी हल्फाबाट ६५० किलोमिटर (४०० माइल) टाढा रेड सीको सुडानी बन्दरगाह शहरमा रहेको उनीहरू बताउँछन् । त्यहाँ पनि उनीहरूलाई राहतको प्रत्याभूति छैन । तर पर्खिनुको विकल्प छैन । युसुफ अल-बशीरले आफू र अन्य सयौं व्यक्तिहरूले आफ्नो आवेदन पेश गर्न पाँच दिनदेखि पर्खिरहेको बताए ।

सुडानबाट अन्य देशको सीमा क्षेत्रमा १० लाखभन्दा बढी मानिस आन्तरिकरूपमा विस्थापित भएका छन् । भाग्न नसकेकाहरूमध्ये धेरैजना आधारभूत सामग्रीविना नै आफ्नो घरमा बसिरहेका छन् ।

इजिप्टको सीमा पार गरेर आउनेहरूका लागि इजिप्टियाली रेड क्रिसेन्टले बिरामीहरूको हेरचाह गर्नुका साथै पानी र बिस्कुटहरू वितरण गर्छ ।

सुडानी शरणार्थीलाई शरण दिइरहेका अन्य छिमेकी मुलुकहरूको तुलनामा इजिप्टमा मानवीय कार्यहरू सीमित छन् ।

कायरोले शरणार्थी शिविर स्थापना गर्न अस्वीकार गरेको छ र यसको सट्टा नयाँ आउनेहरूलाई काम गर्ने र स्वतन्त्ररूपमा हिंड्डुल गर्ने अधिकार दिइएको बताएको छ । राष्ट्रपति अब्देल फतह अल-सिसीले आफ्नो देशले युद्ध शरणार्थीलाई होइन तर पाहुनालाई स्वागत गरिरहेको बताउँदै आएका छन् ।

इजिप्टको दक्षिणमा प्रवेश गर्ने सुडानीहरूले सीमाबाट करीब २०० किलोमिटर उत्तरमा रहेको सबैभन्दा नजीकको प्रमुख शहर असवानमा लैजान बसको टिकट किन्नुपर्छ । तिनीहरूलाई त्यहाँ स्वयंसेवकहरूले स्वागत गर्छन्, जसले तातो खाना खुवाउँछन् । खतरनाक मरुभूमि यात्रामा निस्केपछि सुडानी शरणार्थीहरूका लागि तातो खाना पहिलोपटक मिल्ने गरेको उनीहरू बताउँछन् ।

"हामी दिनमा तीनपटक खाना खुवाउँछौं । बिहानको खानामा चिकेन, पास्ता र सिमी हुन्छ," करीब ६० स्वयंसेवकमध्येका एक मन्सुर जोमाले भने ।

उनले थपे, "हामी एक दर्जन घरमा खाना पनि पुर्‍याउँछौं । कहिलेकाहीं एउटा आठ परिवारको समूह एकै ठाउँमा जम्मा हुन्छ । उनीहरूले त्यहीं खान्छन् ।"

संयुक्त राष्ट्रसङ्घका अनुसार युद्धअघि ४० लाखभन्दा बढी सुडानी इजिप्टमा बसोबास गर्दै आएका थिए । छिमेकी देशहरूले अरबी भाषा, सांस्कृतिक सम्बन्ध र फारोनिक युगको काल्पनिक इतिहासको महसूस गर्छन् ।

वादी हल्फा छोडेर उत्तरतर्फ लागेका शरणार्थी वालिद अहमदले इजिप्ट 'स्पष्ट' गन्तव्य भएको बताए । उनले भने, "यो हाम्रो दोस्रो देश हो ।"

इजिप्टस्थित आइओएम मिसनका प्रमुख कार्लोस ऋजुले भने, "इजिप्ट प्रवेश गर्न पर्खिरहेकाहरूको सङ्ख्या बढ्दो छ ।"

विशेषगरी मधुमेह र अन्य दीर्घरोगीका लागि पानी, खाना, सरसफाइ किट र औषधि उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घीय निकायलाई एक करोड ९९ लाख अमेरिकी डलर आवश्यक पर्ने उनले बताए । रासस

## दक्षिण अफ्रिकामा हैजा : १७ जनाको मृत्यु

जोहानेसबर्ग, ११ जेठ/सिन्ह्वा

दक्षिण अफ्रिकाको प्रशासनिक राजधानी प्रिटोरियाको उत्तरी भागमा रहेको ह्यामन्सक्रालमा हालै फैलिएको हैजाबाट १७ जनाको मृत्यु भएको गौतेङ प्रान्तको स्वास्थ्य विभागले जनाएको छ ।

हालसम्म प्रयोगशालामा हैजाको पुष्टि भएका बिरामीको सङ्ख्या २९ पुगेको छ भने १७ जनाले ज्यान गुमाएका विभागले जारी गरेको एक विज्ञप्तिमा भनिएको छ । हालै हम्मास्क्रालमा हैजाको प्रकोप देखिएपछि १६५ जनाको उपचार गरिएको छ ।

गत फेब्रुअरीको प्रारम्भमा दक्षिण अफ्रिकामा हैजाका दुई 'केस' अभिलेख भएको थियो भने सोही महीनाको अन्त्यमा एकजनाले ज्यान गुमाएपछि देशको विभिन्न भागमा झाडा तथा वाक्वाकी लाग्ने, पेट दुख्ने र डिहाइड्रेशनका समस्याबाट मानिस पीडित भएका थिए । सरकारले यस्ता लक्षण देखिनेबित्तिकै नजीकैको स्वास्थ्य संस्थामा गएर उपचार गराउन आग्रह गरेको थियो । विभागले अहिले पनि त्यस्ता लक्षण देखिए तत्काल स्वास्थ्य परीक्षण गराउन, नियमित औषधि सेवन गर्न सर्वसाधारणलाई आह्वान गरेको छ । रासस

## ६० लाख व्यक्ति प्राकृतिक ग्याँसबाट वञ्चित

बोगोटा, कोलम्बिया, ११ जेठ/एएफपी

दक्षिणपश्चिम कोलम्बियामा बुधवारसम्म ६० लाख मानिस प्राकृतिक ग्याँसको पहुँचबाट वञ्चित भएका छन् ।

मध्याह्नदेखि नै काका र भाले डेल काउकाको पश्चिमी क्षेत्रमा 'प्राकृतिक ग्याँस सेवामा पूर्ण प्रतिबन्ध' लगाइएको 'युटिलिटी ग्याँसेस डे ओक्सिडेन्ट'ले जनाएको छ ।

खानी मन्त्रालयका अनुसार यो सङ्कटले देशको मध्य र दक्षिणपश्चिममा रहेका अन्य पाँच क्षेत्रलाई पनि प्रभावित गरेको छ । पाइपलाइन कम्पनी 'ट्रान्सपोर्टाडोरा डे ग्याँस इन्टरनेशनल'का अनुसार ज्वालामुखी नजीकैको क्षेत्रमा लागेको 'भूमिगत आगलागी' का कारण ग्याँस पाइपलाइन बन्द गर्नुपरेको र सेवा पुनः सञ्चालनमा ल्याउन कम्तीमा एक हप्ता लाग्न सक्नेछ । कोलम्बियाको पाँच करोड जनसङ्ख्यामध्ये दुईतिहाई खाना पकाउने र अन्य प्रयोगका लागि इन्धनमा निर्भर छन् । कोलम्बियाको तेस्रो ठूलो शहर कालीका मेयर जर्ज इभान ओस्पिनाले यसबाट १३ लाखभन्दा बढी प्रयोगकर्ता प्रभावित भएको बताए ।

सामाजिक सञ्जालमा शेयर गरिएका तस्वीरहरूका अनुसार केही बासिन्दाले ग्याँसको विकल्पमा दाउरामा खाना पकाउन थालेका छन् । ग्याँसको अर्को विकल्पका लागि हजारौं मानिसले विद्युतीय चुल्हो छानेका र किन्नका लागि लामो लाइनमा बसेको देख्न सकिन्छ ।

यसबाहेक धेरैजसो ग्याँस-सञ्चालित सार्वजनिक यातायातहरूले सेवा प्रवाह रोकेका छन् । रासस

### आजको राशिफल

| राशि | फल |
| --- | --- |
| मेष | भयचिन्ता |
| वृष | मित्रमिलन |
| मिथुन | अतिथिआगमन |
| कर्कट | सुयश |
| सिंह | खर्चवृद्धि |
| कन्या | धनलाभ |
| तुला | सफलता |
| वृश्चिक | राज्यलाभ |
| धनु | रोगभय |
| मकर | यात्रालाभ |
| कुम्भ | शत्रुपराजय |
| मीन | सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

## रैथाने खानेकुराप्रति स्थानीयको रूचि कम

रामेश्वर मेहता, सिम्रौनगढ, ११ जेठ/

बारा, पर्सा, रौतहटलगायत मधेस प्रदेशको रैथान खानेकुराप्रति स्थानीयको रुचि कम भएपछि लोपोन्मुख भएको छ । छछरूवा, खीर, पुरी, हलुवा, दुधपुवा, पुवा, पिठी, तसमइ, हलुवा, लिटी, चामलको रोटी, दालपुरी, कोदोको रोटी, सतुवा, जाबरलगायत लगभग २१ प्रकारका परिकार मधेस प्रदेशमा कुनै बेला निकै प्रचलित थियो ।

यी परिकारमध्ये छछरूवा चार दशकपहिले सिम्रौननगढमा निकै प्रचलित थियो र दैनिक खाजाको रूपमा खाइन्थ्यो । यस परिकारले सिम्रौनगढमा छुट्टै पहिचान बनाएको थियो । तर सयमक्रमसँगै छछरूवा रोटीप्रति स्थानीयको रुचि कम हुँदै गयो र अहिले लोपोन्मुख भएको छ ।

त्यस्तै सतुवा र कोदोको रोटी पहिले दैनिक खाजाको परिकार हुन्थ्यो । अहिले कोदोको रोटी लोप भएको छ भने सतुवा औषधिको रूपमा मात्र खाने गरिन्छ ।

लोपोन्मुख हुँदै गएका यी परिकार कुनै बेला मधेसी संस्कृतिको आधार र पहिचान थियो । आधुनिक र पश्चिमी परिकारको कारण रैथाने खानेकुराप्रति स्थानीयको रुचि कम भएको बूढापाकाहरूले बताएका छन् ।


सिम्रौनगढमा कुनै बेला छरुवा रोटी निकै खाइन्थ्यो । तस्वीरः प्रतीक

## विपिएस +२ का विद्यार्थीलाई प्रशिक्षण



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ११ जेठ/

विपिएस +२ कलेजले बिहीवार कक्षा ११ र १२ का विद्यार्थीका लागि दुईदिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

नेपाली र अंग्रेजी माध्यममा अध्ययनरत विद्यार्थीहरूलाई छुट्टाछुट्टै प्रशिक्षण दिइएको थियो । कार्यक्रमका प्रमुख अतिथी नेपाली काङ्ग्रेसका नेता कञ्चन झाले तालीममा सिकेका कुराहरू व्यवहारमा उतार्न विद्यार्थीहरूलाई आग्रह गरे । उनले भविष्यप्रति जिम्मेवार भएर अगाडि बढ्न सुझाव दिए । उनले किताबी ज्ञान मात्र हासिल गरेर केही नहुने भन्दै अतिरिक्त क्रियाकलापमा पनि ध्यान दिन आग्रह गरे ।

कार्यक्रममा मुख्य प्रशिक्षण सन्तोष कर्ण शिक्षाको साथै भविष्यप्रति पनि ध्यान दिन विद्यार्थीलाई आग्रह गरे ।

मानव सेवा आश्रमका देवेश मानव सेवाले ठोस गन्तब्य बनाई त्यसलाई कार्यान्यवन गर्न विद्यार्थीलाई आग्रह गरे । कार्यक्रममा आनन्द पटेल, सूर्य शुभचिन्तकलगायतले मन्तव्य राखेका थिए । क्याम्पस प्रमुख मुकेश गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा क्याम्पसका इसिए कोर्डिनेटर अफ्रोज हवारी, डिसिप्लिन इन्चार्ज वेश शेख, क्याम्पस कोअर्डिनेटर अखिल पटेल, सालु गुप्ता, मुस्कान गुप्ता, कोमल सर्राफ, पृथ्वी ठाकुरलगायतको सहभागिता थियो ।

### ब्युँतिएला ...

गर्दै आएका छन् ।

गोरखा उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णकुमार श्रेष्ठले उद्योग चलाउने विषयमा गण्डकी प्रदेशका मुख्यमन्त्रीदेखि प्रधानमन्त्रीसम्मको ध्यानाकर्षण गराइएको बताए । "सरकारले नीति तथा कार्यक्रममार्फत उद्योग पुनर्सञ्चालन गर्ने घोषणा गरेपछि गोरखाका उद्योगी-व्यवसायी खुशी छौं, हामीले पटकपटक यो माग राख्दै आएका थियौं, अब निर्णय कार्यान्वयनमा ढिलाइ नहोस्," उनले भने ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गोरखाबाट चुनाव लड्दा गोरखकाली रबर उद्योग सञ्चालनमा ल्याइने प्रतिबद्धता जनाएका थिए । गृहमन्त्री, गण्डकीका मुख्यमन्त्री, सभामुखलगायत उच्च पदमा गोरखाकै राजनीतिक नेतृत्वमा रहेकाले उद्योग सञ्चालनमा उचित पहलकदमी हुनेमा गोरखावासी आशावादी छन् ।

गण्डकी प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले गोरखकाली रबर उद्योग सञ्चालनका लागि सङ्घीय सरकारसँग साझेदारी गर्न प्रदेश सरकार तयार रहेको बताए । "हाम्रै प्रदेशमा पर्ने भएकाले प्रदेश सरकारको पनि यसमा स्वाभाविक दायित्व रहन्छ," उनले भने, "प्रदेशमा उद्योगधन्दाको विकास र स्थानीय उत्पादनको प्रवर्द्धन प्रदेश सरकारको प्राथमिकतामा छ ।"

मन्त्री थापामगरले रोजगार वृद्धिसँगै राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ पार्न बन्द अवस्थामा रहेका सबै स्वदेशी उद्योग पुनर्सञ्चालनमा ल्याउनुपर्ने उल्लेख गरे । "अहिले अर्थतन्त्रमा जे समस्या देखा परेको छ, यसको समाधानका लागि आफ्नै स्रोत, सीप र प्रविधिमा आधारित उद्योगधन्दा खोल्नुपर्छ, रोजगार सिर्जना गर्नुपर्छ," उनले भने ।

सरकारले गोरखकाली रबर उद्योगसँगै हेटौंडा कपडा उद्योग र बुटवल धागो कारखाना पुनर्सञ्चालनको घोषणा गरेको हो । लामो समयदेखि बन्द तथा रुग्ण अवस्थामा रहेका उद्योग सञ्चालन, खारेजी, एकीकरण वा व्यवस्थापनका विषयमा अध्ययन गर्न उच्चस्तरीय अध्ययन समितिसमेत गठन गर्ने सरकारको तयारी छ ।

## सातवटै प्रदेशमा सतगुरु शोभायात्रा

प्रस, वीरगंज, ११ जेठ/

कवीर उपासक समाज नेपालले जगत्गुरु तत्त्वदर्शी सन्त रामपालजी महाराजको सान्निध्यमा कबीर साहेबजीको ६२६औं प्रकट दिवसको उपलक्ष्य बिहीवार सातवटै प्रदेशमा शोभायात्रा निकालेको छ ।

वीरगंज, कलैया, बिर्तामोड, विराटनगर, इनरुवा, गौर, नारायणघाट, काठमाडौं, पोखरा, परासी, बुटवल, तौलिहवा, तुलसीपुर, नेपालगंज, सुर्खेत, गुलरिया, धनगढी र महेन्द्रनगर गरी सातवटै प्रदेशका १८ वटा जिल्लामा आध्यात्मिक चेतना तथा सतगुरु शोभा यात्रा निकालिएको पर्सा जिल्ला संयोजक नरेशप्रसाद पण्डितले जानकारी दिए । उनले जेठ १९, २० र २१ गते कबीर साहेबजीको प्रकट दिवसको उपलक्ष्यमा सतलोक आश्रम धनुषामा तीन दिवसीय अखण्ड पाठ, विशाल भण्डारा, दाइजोमुक्त विवाह आदि कार्यक्रमको आयोजना गरिने बताए ।

यात्रामा वेद, गीता, कुरान शरीफ, बाइबल, गुरुग्रन्थ साहेब आदि सर्वग्रन्थमा कबीर साहेब भगवान् भएको नारा लगाउँदै हजारौंको सङ्ख्यामा गाडीहरू सजाएर यात्रा निकालिएको थियो ।

## मोटरसाइकल चोरी

प्रस, सिम्रौनगढ, ११ जेठ/

सिम्रौनगढ नगरपालिका-६ गोरु बजारस्थित सडकखण्डमा राखिएको मोटरसाइकल गएराति चोरी भएको छ । अजीतकुमारको भारतीय नम्बरको मोटर साइकल गएराति ८:३० बजे घर अगाडिबाट चोरी भएको हो ।

## पटनाबाट चोरी भएको कपडा रक्सौलमा बरामद

प्रस, रक्सौल, ११ जेठ/

पटनाबाट चोरी गरिएको २८ पोका कपडा रक्सौलमा बरामद भएको छ भने दुईजना पक्राउ परेका छन् ।

बिहारको राजधानी पटनास्थित प्रगति इन्टरप्राइजेजको गोदामबाट १५० पोका कपडा चोरी भएको थियो ।

घटनाको अनुसन्धान गर्ने क्रममा प्रहरीले कालीनगरी टोलका रामसागर सिंहको घरमा छापामारी गरी २८ पोका कपडा बरामद गरेको पटना पुलिसका एसआई मनमोहन कुमारले बताए ।

प्रहरीले घटनामा संलग्न रहेको आशङ्कामा पिकअप चालक र एकजना व्यक्तिलाई पक्राउ गरी सोधपुछ गरिरहेको छ ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# ढल्केवर-पथलैया सडकखण्ड स्तरोन्ती गर्न सार्वजनिक सुनुवाइ

जीतलाल श्रेष्ठ, निजगढ, ११ जेठ/

पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत ढल्केबर-पथलैया सडकखण्ड स्तरोन्नति गर्न निजगढमा बिहीवार सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ।



पूर्व पश्चिम महेन्द्र राजमार्ग विस्तारका लागि आवश्यक प्रक्रियाबारे सार्वजनिक सुनुवाइमा जानकारी दिँदै इन्जिनियर उमेश झा। तस्वीरः जीतलाल श्रेष्ठ

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागको विकास सहायता कार्यान्वयन महाशाखाको आयोजनामा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा वरिष्ठ हाइवे इन्जिनीयर उमेश झाले सडक स्तरोन्नतिका बारे जानकारी दिँदै १३० किलोमिटर लम्बाइको स्तरोन्नति हुने यस राजमार्गका लागि साबिक राजमार्गको बीच भागबाट दायाँ-बायाँ २५/२५ मिटर चौडाइ रहने बताए। जसमा चार लेनको ७.५/७.५ मिटरको दुवैतर्फ सवारीसाधन आवतजावत गर्न मुख्य सडकको भाग रहने, सडकको २.५/२.५ मिटर दुवै साइडमा सोल्जर रहने जसमा सवारीसाधन बिग्रिएको खण्डमा निश्चित समयका लागि पार्किङ गर्न सकिने गरी यस सडकको डिजाइन भएको वरिष्ठ इन्जिनीयर झाले बताए।

त्यसैगरी, सडकका दुवै साइडमा २/२ मिटरको साइकल लेन, नाला, फूटपाथसमेत रहने उनले जानकारी गराए। यस सडकको नालाको सम्पूर्ण भागलाई छोपिने बताउँदै सडकको सबबेसको मोटाइ २० सेन्टिमिटर र सरफेस लेभल अर्थात् माथिल्लो फिनिसिङ लेभल १४ सेन्टिमिटर रहने सो कार्यक्रममा जानकारी दिइएको छ। यस राजमार्गका सडकहरूमा कही पनि कजवे अर्थात् लच्का नरहने र आवश्यक स्थानमा बक्स कल्भर्ट निर्माण हुनेसमेत वरिष्ठ इन्जिनीयर झाले बताए। यस राजमार्गको १३० किलोमिटर लम्बाइको सडकको स्तरोन्नतिका लागि रु ८८ अर्ब लाग्ने जनाइएको छ।

निजगढ नगरभरिमा एउटा घर, छवटा प्रतीक्षालय, एउटा मन्दिर, एउटा पेट्रोल पम्प, दुईवटा वरपीपलको चौतारा, एउटा सार्वजनिक शौचालय र इलाका प्रहरी कार्यालय, निजगढको पर्खालसमेत सडक क्षेत्रभित्र रहेको जानकारी गराइयो। यस सडकको स्तरोन्नतिका लागि ३० हजार ८२७ वटा रूख मासिने र प्रतिबिरुवा १० वटाका दरले तीन लाख आठ हजार २७० वटा बिरुवा रोपण गरी पाँच वर्षसम्ममा हुर्काइ वन मन्त्रालय मातहतका निकायलाई हस्तान्तरण गरिने जनाइएको छ। पानीको उचित निकास, खानेपानीको पाइपलाइनको विस्तार, नेटवर्क, विद्युत् लाइन, वन्यजन्तु आवतजावतमा सहजता, वातावरण संरक्षणलगायत विभिन्न पक्षको सर्वे, स्थलगत अनुसन्धान गरी सोही अनुसारको सडकको स्तरोन्नतिका लागि डिजाइन तयार गरिएकोसमेत विज्ञ एवं प्राविधिकहरूले जानकारी दिए।

यस कार्यक्रममा सहभागी निजगढका जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, सचेत नागरिकलगायतले सडकको स्तरोन्नति गरिरहँदा मानव स्वास्थ्यप्रति गम्भीर भई निर्माणका क्रममा धूलो नियन्त्रण गर्नुपर्ने, मानवबस्तीमा तोकिएको समयसीमाभित्र नै निर्माण कार्य सम्पन्न गर्नुपर्ने, वर्षाको पानीको उचित निकास निकाल्नुपर्ने, सवारीसाधनका लागि पार्किङको उचित व्यवस्था गर्नुपर्ने, आवश्यकता अनुसार जेब्रा क्रसिङ, आकाशेपुल, ट्राफिकसम्बन्धी जनचेतनामूलक सन्देश प्रवाह गर्ने आकर्षक आधुनिक बोर्डहरू राखिनुपर्ने, बकैया पुललाई सिग्नेचर ब्रिजको रूपमा स्तरोन्नति गर्नुपर्ने र यस सडक निर्माण गर्दा नष्ट हुने भौतिक संरचनाको उचित स्थानमा पुनर्निर्माण गरिदिनुपर्नेलगायतका रायसुझाव दिएका छन्।

कार्यक्रममा निजगढ नगरप्रमुख सुरथ पुरी, कोल्हवी नगरप्रमुख रामप्रसाद चौधरी, निजगढकी उपप्रमुख सोममाया थिङ, पूर्वउपप्रमुख लीलादेवी लामिछाने, वडाध्यक्ष मङ्गल लोप्चन, पुस्कल खड्का, स्वर्ण लामा, रामचन्द्र कटुवाल, घनश्याम तिमिल्सना, सूर्य थापा, विशन सापकोटा, ज्ञानबहादुर गोले, सूर्य घलान, सुदर्शन कोइराला, केशव ढोडारी, गोकुल घोरसाइने, नवराज तिमल्सिना, सन्तोष दङ्गाल, दीपेन्द्र श्रेष्ठ, नारायण शर्मा, भीम सापकोटा, रामहरि खरेल, खडगप्रसाद उप्रेती, विष्णु खड्कालगायतको सहभागिता थियो।

# सिम्रौनगढमा बहुमूल्य कालो पत्थर बरामद

प्रस, सिम्रौनगढ, ११ जेठ/

सिम्रौनगढको कङ्काली इशरा पोखरीको डिलबाट बहुमूल्य कालो पत्थरको काशिदाकारी प्लेट फेला परेको छ।



तस्वीरः प्रतीक

पोखरीको पश्चिमी डिलमा अलपत्र अवस्थामा सो प्लेट फेला परेको स्थानीयले बताएका छन्।

पोखरीको चारैतिरको डिलमा ऐतिहासिक तिरहुतिया गढैया ईँटा र पत्थरले बनाइएको डिल थियो र वीरगंज गुठी संस्थाले ईँटा तोडफोड गरी पोखरीको नयाँ माटोको डिल निर्माण गरेको छ।

नयाँ माटोको डिल निर्माण गरिएको स्थानबाट डेढ फिट चौडा, दुई फिट लम्बाइ र एक फिट मोटाइ भएको ईँटा र सोही आकारका पत्थरहरू बरामद भएका छन्।

बरामद ईँटाहरू संरक्षणको अभावमा स्थानीयहरूले खेतको आली, भखारी र ढोकाको भऱ्याङ बनाउन प्रयोग गरेका छन्।

बिहीवार फेला परेको कालो पत्थरलाई सफाइ गर्दा त्यसमा फूलका बुट्टा बनाइएको र बीचमा प्वाल रहेको र यसबारेमा कसैले पनि अड्कल गर्न सकेका छैनन्। सो ईँटालाई कङ्काली मन्दिरमा राखिएको छ।

गुठी संस्थान वीरगंज अन्तर्गतको यो पोखरीमा संरक्षण अभावले दिन प्रतिदिन अवस्था दयनीय हुँदैछ।

# बालविवाह र दाइजोप्रथाविरुद्ध अन्तर्क्रिया

प्रस, रौतहट, ११ जेठ/

राष्ट्रिय महिला आयोगको आयोजनामा "समाजमा विद्यमान हानिकारक अभ्यासहरू दाइजोप्रथा, तिलक, बालविवाह, बोक्सी आरोप"सम्बन्धी अन्तर्क्रिया बिहीवार सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले कार्यपत्र प्रस्तुत गर्दै हाम्रो समाजमा विद्यमान रहेका परम्परागत कुरीतिहरूलाई निर्मूल पार्न जनचेतना जगाउनु अति नै आवश्यक रहेको बताए। उनले ऐन, कानून, चुनौती र समाधानका उपायबारे कार्यपत्र प्रस्तुत गरेका थिए।

सो कार्यक्रममा गौर नगरपालिकाका नगरप्रमुख शम्भु साह, दुर्गा भगवती गाउँपालिकाका अध्यक्ष शम्भुकुमार सिंह, मौलापुर नपाकी प्रमुख रीनाकुमारी साह, राजदेवी नगरपालिकाका प्रमुख भिखारीराय यादव, महिला अधिकारकर्मी, समाजसेवी, महिलालगायतका विभिन्न क्षेत्रका व्यक्तिहरूद्वारा सामाजिक कुरीतिलाई निर्मूल पार्नमा सबैले सकारात्मक भूमिका निर्वाह गरे मात्र सम्भव हुने बताएका थिए।




तस्वीरः प्रतीक

महिला आयोगकी सदस्य विद्याकुमारी सिन्हाले दाइजोप्रथा, बालविवाह र घरेलु हिंसाको शिकार बनिरहेको समाजलाई परिवर्तन गरेर राष्ट्रको मूलधारमा समाहित भई उनीहरूलाई हकअधिकार प्रदान गरी जागरूक गराउनुपर्ने आवश्यकताबारे धारणा राखेकी थिइन्।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समितिका सभापति रामअयोध्याराय यादवले २० वर्ष पुगेपछि विवाह गर्न कानूनी प्रावधान राखिएपछि १२ वर्षका केटीकेटीहरू भागेर विवाह गर्ने चलनलाई कसरी रोक्ने भन्ने प्रश्न गरेका थिए।

# डल तथा कुशन तालीम शुरू




तस्वीरः सौजन्य

प्रस, वीरगंज, ११ जेठ/

वीरगंज महानगरपालिका-२ मा आदिवासी, जनजाति तथा पिछडा वर्गहरूको लागि सीपमूलक डल तथा कुशन बनाउने तालीमको बिहीवार उपप्रमुख इम्तियाज आलमले उद्घाटन गरेका छन्।

उपप्रमुख आलमले आजदेखि शुरू भएको तालीम असार ८ गतेसम्म हुने र मन लगाएर सीप सिक्न सहभागीहरूलाई आग्रह गरे।

वीरगंज महानगरपालिकाको सहयोग र ग्लोबल फाउन्डेशन नेपाल प्रालिको आयोजनामा भएको एक महीने तालीममा ३५ जना सहभागी छन्।

कार्यक्रममा फाउन्डेशनका अध्यक्ष अवधेशप्रसाद साहको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष महमद रेयाज मियाँ, वीरगंज महानगरपालिकाका सामाजिक विकास महाशाखाका प्रमुख राजीव गिरी, वडासदस्य बसिर मियाँ, सङ्गीता थापा, रम्भा देवी, वडासचिव आशिक शेखलगायतको सहभागिता थियो।

# महायज्ञको लागि कलश यात्रा




तस्वीरःप्रतीक

प्रमोद यादव, पचगावाँ, ११ जेठ/

सखुवाप्रसौनी गाउँपालिका-१ सथवलस्थित श्रीरामजानकी मन्दिरमा श्रीश्री १०८ श्री विष्णु महायज्ञ एवं श्रीलक्ष्मीनारायण राधाकृष्ण प्राण प्रतिष्ठानको लागि बिहीवार कलशयात्रा निकालिएको छ।

यात्रामा सहभागीहरूले कोइलाभार जलाशयबाट जल भरी विभिन्न गाउँपरिक्रमा गरी मन्दिरमा पुगेको महायज्ञ समितिका अगुवा एवं पूर्वप्रधानाध्यापक भागवतप्रसाद चौधरीले बताए।

गाउँ-समाजमा सबैको कल्याण, मानवता, दया, प्रेम, सदभाव, धर्म, सत्यज्ञान प्रदानको लागि महायज्ञको आयोजना गरिएको यज्ञकर्ता श्रीश्री १०८ श्री महन्त लक्ष्मण दास त्यागीले बताए। महायज्ञमा रामलीला, प्रवचन र खेल तमाशा, भजन-कीर्तनलगायतको व्यवस्था गरिएको महायज्ञ व्यवस्थापक भगवतप्रसाद चौधरीले बताए। यज्ञ २० गते समापन हुने यज्ञाचार्य पडिण्त कुणालकुमार द्विवेदीले बताए।

## पर्सागढीका गाईभैंसी ...

बताए। रोग लागेका गाईभैंसीको शरीर तथा छालामा गिर्खा/गाँठो देखिने र पछि घाउमा परिणत हुने उनले बताए।

उच्च ज्वरो आउने र गाईभैंसीले दूध उत्पादन कम गर्ने तथा दूध नै सुक्ने यो रोगको लक्षण रहेको उनले बताए। पशु प्राविधिकको सुझाव अनुसार उपचार गराउन र गोठको सरसफाइमा ध्यान दिने डा साहले सुझाव दिए।

## बकैया खोलाबाट ...

प्रश्न गरिरहेका छन्।

यस वर्ष कोहल्वी नगरपालिकाले ५७ लाख ११ हजार ८३५.५२ घनफिट नदीजन्य पदार्थको न्यूनतम ठेक्का सकार रकम तीन करोड ९९ लाख ८२ हजार ८४८ रुपियाँ ६९ पैसा तोकेको थियो। जसको ठेक्का चाझ करोड एक रुपियाँमा लागेको हो।

यस महीनाको पहिलो सातासम्ममा ठेकेदारले नदीजन्य पदार्थ ३७ लाख ४४ हजार ७०० घनफिट उत्खनन गरेको ठेकेदारले कोल्हवही कोल्हवी नपालाई अनलाइनमार्फत रेकर्ड उपलब्ध गराइएको लेखा अधिकृत सुरेन्द्रप्रसाद चौधरीले जानकारी दिए। यसरी अनलाइन बिलिङमा ठेकेदारलाई उक्त परिणाम देखाईएपनि ठुलो परिमाणको नदीजन्य पदार्थ चुवाहट भएको स्रोतले जनाएको छ।

पछिल्लो केही सातायतादेखि कोल्हवीका ठेकेदारद्वारा बकैया खोला उत्खनन गरिएका नदीजन्य पदार्थ निजगढ नपाका ९ नम्बर वडामा रहेका अधिकांश क्रसर उद्योगहरूमा भित्रिएका छन्। यसरी अवैधरूपमा उत्खनन गरिएका नदीजन्य पदार्थलाई क्रसरमा भिऱ्याउन क्रसर उद्योगहरूले ट्(ाक्टर चालकलाई सङ्कलन पूर्जी अर्थात टोकन समेत वितरण गरेका छन्।

निजगढ नपाले यस वर्ष लगाएको नदीजन्य पदार्थको ठेक्का बन्दोबस्तीमा ठेक्का नपरेपछि नदीजन्य पदार्थ उत्खनन गर्ने सहज कानूनी मार्ग बन्द हुन पुगेको थियो।

यसरी यस वर्ष निजगढ नपा ४ र ९ मा क्रसर उद्योग, परिसर वा कँकितै थुपारिएका नदीजन्य पदार्थ सबै अवैधानिक रहने स्प्रष्ट छ। यसरी दिन दहाडै कानूनविपरीत नदीजन्य पदार्थ उत्खनन, ओसारपसार, सङ्कलन गरे पनि निजगढ नपाले नियन्त्रणमा लिने प्रयास समेत गरेको छैन भने, जिल्ला अनुगमन समितिसमेत मौन देखिएको छ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

**आगलागी हुन नदिन चनाखो बनौं।**

**आगलागीबाट बच्न,**
- खाना पकाइसकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं।
- सिलिन्डरको रेगुलेटर, पाइप वा चुलोबाट ग्याँस लिक भए नभएको यकीन गरौं।
- ग्याँसको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाइटर बालबालिकाले भेटाउने ठाउँमा नराखौं।
- दाउरा बालेर खाना पकाइसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा भए नभएको जाँच गरौं।
- घरबस्तीनजीकै पोखरी, टङ्की वा अरू कुनै तरीकाले पानीको जोहो गरिराखौं।

**आगलागीजन्य विपत्‌हरूबाट बच्न चनाखो बनौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड